# थारु जातिको भुमिमा स्वामित्व : एक अध्ययन

(कैलाली, टीकापुर नगरपालिकाका थारु समुदायमा आधारित समाजशास्त्रीय अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गत

समाजशास्त्र विभागको स्नातकोत्तर तह दोस्रो वर्षको

प्रयोजनको लागि प्रस्तुत

## शोधपत्र


**शोधकर्ता**

सुमित्रा सुवेदी

कक्षा रोल नं.१६१/२०७१

परिक्षा रोल नं. ४८०३५७/२०७४

त्रि.वि. रजिष्ट्रेशन नं.:६२-३१४-७६-२०११



त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र तथा ग्रामीण विकास विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा


२०७८

TRIBHUVAN UNIVERSITY
त्रिभुवन विश्वविद्यालय
Prithvi Narayan Campus
पृथ्वीनारायण क्याम्पस
(A QAA Certified Institution, Accredited by UGC, Nepal)

प.सं. :
च.नं. :

**समाजशास्त्र तथा ग्रामीण विकास विभाग**

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विभागद्वारा स्नातकोत्तर तह द्वितीय वर्षको समाजशास्त्र विषयको शोधपत्र परिपूर्तिको लागि मेरो प्रत्यक्ष निर्देशन र सुपरीवेक्षणमा रही सुमित्रा सुवेदीले **"थारु जातिको भुमिमा स्वामित्व : एक अध्ययन कैलाली, टीकापुर नगरपालिकाका थारु समुदायमा आधारित समाजशास्त्रीय अध्ययन)**" शीर्षकमा यो शोधपत्र तयार पार्नु भएको हो । यो शोधपत्र सम्बन्धी उहाँको कार्यप्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

डा. रामचन्द्र बराल
शोध निर्देशक
समाजशास्त्र तथा ग्रामीण विकास विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा ।

मिति : २०७८/ /

Mailing Address: Bagar, Pokhara, Nepal बगर, पोखरा, नेपाल
Phone: +977-61-526837, 540222 Email: info@pncampus.edu.np URL: www.pncampus.edu.np

TRIBHUVAN UNIVERSITY
त्रिभुवन विश्वविद्यालय
Prithvi Narayan Campus
पृथ्वीनारायण क्याम्पस
(A QAA Certified Institution, Accredited by UGC, Nepal)

प.सं. :
च.नं. :

**समाजशास्त्र तथा ग्रामीण विकास विभाग**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तह दोस्रो वर्षको आवश्यकता पुरा गर्नका लागि छात्रा सुमित्रा सुवेदी ले तयार गर्नु भएको **"थारु जातिको भुमिमा स्वामित्व : एक अध्ययन कैलाली, टीकापुर नगरपालिकाका थारु समुदायमा आधारित समाजशास्त्रीय अध्ययन)"** शीर्षकको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

...................................
डा. रामचन्द्र बराल
शोध निर्देशक

..................................
नेत्रनारायण पौडेल
बाह्य परीक्षक

..................................
शिव बहादुर थापा
विभागीय प्रमुख
समाजशास्त्र तथा ग्रामीण विकास विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा ।
मितिः

Mailing Address: Bagar, Pokhara, Nepal बगर, पोखरा, नेपाल
Phone: +977-61-526837, 540222 Email: info@pncampus.edu.np URL: www.pncampus.edu.np

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तरतहको उपाधि प्राप्तिको लागि प्रस्तुत गर्नुपर्ने अनुसन्धानात्मक शोधपत्रमा मैले "थारु जातिको भुमिमा स्वामित्वः एक अध्ययन कैलाली, टीकापुर नगरपालिकाका थारु समुदायमा आधारित समाजशास्त्रीय अध्ययन)" शीर्षकमा शोधपत्र पेश गरेकी छु ।

शोधपत्रको तयारीको क्रममा मेरो शोधकार्यमा शुरुदेखि अन्त्यसम्म उचित सल्लाह, सुझाव, निर्देशन, प्रदान गरी कमी कमजोरीलाई सच्याउन आफ्नो अमूल्य समय दिई मलाई सहयोग गरिदिनु भएकोमा मेरो शोध निर्देशक आदरणीय गुरु रामचन्द्र बराल ज्यू प्रति विशेष कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सामग्री उपलब्ध गराउन बिशेष सहयोग गर्नुहुने मालपोत कार्यालय टीकापुर कैलालीका प्रमुख दलबहादुर चन्द ज्यू तथा सम्पूर्ण कर्मचारी परिवार प्रति  हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै शोधपत्रलाई यस रुपमा ल्याउन सहयोग गर्नुहुने सबै प्रति हृदयदेखी नै धन्यवाद दिन चाहन्छु ।

यसरी नै आर्थिक र व्यवहारिक समस्या सँग संघर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चिएर मेरो अध्ययनलाई यस अवस्थामा ल्याई पुऱ्याउने मेरा मातापिताप्रति चीर ऋणी छु । अन्त्यमा म यस शोधपत्रको मूल्याङ्कनका लागि पृथ्वीनारायण क्याम्पस पोखराको समाजशास्त्र विभागमा पेस गर्दछु ।

**मिति :- २०७८/   /**

.........................

**सुमित्रा सुवेदी**

# विषय सूची


| | पेज नं. |
|---|---|
| *सिफारिस पत्र* | *I* |
| *स्वीकृति पत्र* | *II* |
| *कृतज्ञता ज्ञापन* | *III* |
| *विषय सूची* | *IV* |
| *तालिका सूची* | *VII* |
| *शोधसार* | *VIII* |
| **अध्याय - एक : परिचय** | **१-६** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | २ |
| १.३ अध्ययनको उद्देश्य | ५ |
| १.४ अध्ययनको महत्व | ५ |
| १.५ अध्ययनको सीमा | ६ |
| १.६ शोधपत्रको सांगठनिक रुपरेखा | ६ |
| **अध्याय - दुई : सम्बन्धित साहित्यको पुनरावलोकन** | **७-१०** |
| **अध्याय - तीन : अनुसन्धान पद्धति** | **११-१३** |
| ३.१ अध्ययन क्षेत्रको छनौटको औचित्य | ११ |
| ३.२ अनुसन्धानको ढाँचा | ११ |
| ३.३ नमुना छनौट | १२ |
| ३.४ तथ्याङ्कको स्रोत र प्रकृति | १२ |
| ३.५ तथ्याङ्क संकलन विधि | १२ |
| ३.६ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतिकरण | १३ |
| **अध्याय - चार : अध्ययन क्षेत्रको परिचय** | **१४-१८** |
| ४.१ अध्ययन क्षेत्रको सामाजिक परिचय | **१४** |
| **अध्याय -पाँच : थारु जातिको भुमिमा स्वामित्व** | **१९-४०** |
| ५.१ थारु जातिको भुमि स्वामित्वमा पहुँचको स्थिति | १९ |

५.२ भूमिहीन,सुकुम्बासी मुक्तकमैया लगायतको स्थायित्वका लागि राज्यको प्रयास २४
५.२.१ राष्ट्रिय भूमि आयोग २०७८ को गठन २४
५.२.२ मुक्त कमैया, भूमिहिन सुकुम्बासीका लागि जग्गा बितरण २६
५.३ थारु समुदायको पैत्रिक बासस्थान २७
५.४ थारु समुदायको घरको अवस्था २७
५.५ थारु समुदायको परिवारको आकार २८
५.६ थारु समुदायको शैक्षिक अवस्था २९
५.७ अध्ययन क्षेत्रका थारु समुदायको पेशागत अवस्था ३०
५.८ थारु समुदायको भुस्वामित्वको लैगिंक अवस्था ३१
५.९ थारु समुदायको भुमिमा स्वामित्वको अवस्था ३१
५.१० थारु समुदायको जग्गा प्राप्तिको स्रोत ३२
५.११ थारु समुदायको जग्गा प्राप्तिको प्रयोजन ३३
५.१२ थारु समुदायको ऋणको अवस्था ३३
५.१३ थारु समुदायको जग्गा जमिनमा पहुँच बृद्धिका लागि राज्यको प्रयास ३४
५.१४ थारु समुदायको भुमि स्वामित्वमा कमि हुनुको कारण ३५
५.१५ थारु समुदायको जग्गा प्राप्तिको भावना विकास हुनुको कारण ३६
५.१६ थारु समुदायको स्थायित्वका लागि राज्यको प्रयास ३७
५.१७ थारु समुदायको हकहितका लागि कार्य गर्ने संस्था ३८

**अध्याय- ६ : साराशं तथा निष्कर्ष ३९-४३**
६.१ साराशं ३९
६.२ निष्कर्ष ४३

**सन्दर्भ सामाग्री**

**परिशिष्ट**

# तालिका सूची


| तालिका नं. | विवरण | पेज नं. |
|---|---|---|
| ४.१ | टीकापुर नगरपालिकामा बसोबास गर्ने विभिन्न जातजाततिको विवरण | १५ |
| ४.२ | टीकापुर नगरपालिकामा बोलिने भाषाको आधारमा जनसङ्ख्याको विवरण | १६ |
| ४.३ | टीकापुर नगरपालिका बासीले मान्ने धर्म अनुसारको जनसङ्ख्याको विवरण | १७ |
| ४.४ | ऋण लिनुको कारणका आधारमा परिवारको विवरण | १७ |
| ५.१ | थारु समुदाय र अन्य समुदायका नाममका कायम भएको जग्गा विवरण | १९ |
| ५.२ | थारु समुदायका नाममा कायम भएको जग्गाजमिनको स्रोत | २० |
| ५.३ | थारु समुदाय र अन्य समुदायका नाममा विगत ४ बर्षमा कायम भएको जग्गाविवरण | २१ |
| ५.४ | लि□का आधारमा थारु समूदायका नाममा कायम भएको जग्गाको विवरण | २१ |
| ५.५ | प्रयोजनका आधारमा थारु समुदायका नाममका कायम भएको जग्गाको विवरण | २२ |
| ५.६ | जग्गा प्राप्तिको प्रकारका आधारमा थारु समुदायका नामको जग्गाजमिन विवरण | २३ |
| ५.७ | कैलाली जिल्लाका मुक्त कमैया (थारु समुदाय) को पुनःस्थापन सम्वन्धी बिबरण | २६ |
| ५.८ | थारु समुदायको पैत्रिक बासस्थान सम्वन्धी विवरण | २७ |
| ५.९ | थारु समुदायको घरको अवस्था | २८ |
| ५.१० | थारु समुदायको परिवारको आकार | २८ |
| ५.११ | थारु समुदायको शैक्षिक अवस्था | २९ |
| ५.१२ | अध्ययन क्षेत्रका थारु समुदायको पेशागत अवस्था | ३० |
| ५.१३ | भुस्वामित्वको लैगिंक अवस्था | ३१ |
| ५.१४ | थारु समुदायको भुमिमा स्वामित्वको अवस्था | ३१ |
| ५.१५ | थारु समुदायको जग्गा प्राप्तिको स्रोत | ३२ |
| ५.१६ | थारु समुदायको जग्गा प्राप्तिको प्रयोजन | ३३ |
| ५.१७ | थारु समुदायको ऋणको अवस्था | ३४ |
| ५.१८ | जग्गा जमिनमा पहुँच बृद्धिका लागि राज्यको प्रयास | ३४ |
| ५.१९ | थारु समुदायको भुमि स्वामित्वमा कमि हुनुको कारण | ३५ |
| ५.२० | थारु समुदायमा जग्गा प्राप्तिको भावना विकास हुनुको कारण | ३६ |
| ५.२१ | थारु समुदायको स्थायित्वका लागि राज्यको प्रयास | ३७ |
| ५.२२ | थारु समुदायको हकहितका लागि कार्य गर्ने संस्था | ३८ |

# अध्यायः एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

थारु अध्येयताहरूका अनुसार भूमि उपयोग र वासस्थानका हिसाबले प्राचिन समयमा थारुको रहन–सहन अहिलेका राउटे समुदायको जस्तै रहेको थियो । उनीहरूको बसाई कुनै एक निश्चित स्थानमा दिगो बन्न सक्दैनथ्यो । उनीहरूमा राउटे समुदाय जस्तै छारा ( ठाउँसारी) गर्ने प्रवृत्ति अधिक थियो । थारु र अहिलेका राउटेबीच केही पनि भिन्नता थिएन, कुनै ठाउँमा चित्त बुझेन भने बसाईँसराइ गरिहाल्ने प्रवृत्ति थियो । चेतना स्तर शून्य थियोउनीहरू रोग लागे देवीदेवता वा भुत लागेको भन्थे । महामारीले ज्यान गए उपचार गराउनुको साटो अशुभ ठानेर बसाईसर्ने प्रवृत्ति थियो । रोग लागे देवी देवता लाग्यो भन्दै झारफुक गर्ने गरिन्थ्यो । त्यतिबेला शिक्षा लिनुलाई अशुभ ठान्थे । पढेपछि भुत लाग्छ र परिवारै खान्छ भन्ने मानसिकता समुदायमा व्याप्त थियो । उनीहरूसँग न जग्गा थियो न त जग्गा जोड्नै चाहान्थे । जग्गा भएपछि बसाईसर्न पाइँदैन भनेर उनीहरूजग्गा बनाउनै चाहदैनथे । त्यसैले उनीहरू जीवनयापनका लागि साहुजनको जग्गा जोतभोग गर्थे (गौतम, २०४४ ) ।

दशकौ अघि सम्म थारु समुदाय बाह्रैमास जग्गा जोतभोगमै सक्रिय रहन्थ्यो । त्यतिबेला खेतबारी नै त्यो समुदायको बाँच्ने आधार थियो । यसर्थ यो समुदायले जमिन जोताहा किसानको उपमा पाएको थियो, जुन अहिले पनि जोडिएकै छ । साहुजनको जग्गा जोतभोग गरेर जीवन निर्वाह गर्दै आएको पुरानो इतिहास यो समुदायसँग छ । थारु समुदायका व्यक्ति कमैया बस्नु नै जातीय धर्म ठान्थे । त्यसैले अहिले पनि थारु समुदायलाई कमैयाकै दृष्टिकोणले हेर्ने प्रवृत्ति यदाकदा कायमै छ । जग्गाजोत भोग गरे मात्रै बाँचिन्छ भन्ने मानसिकता बोकेको यो समुदायमा पछिल्लो केही समययता चेतनाको स्तर बढेको छ । ( आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, २०६२) ।

साहुजनको जग्गा जोतभोग गर्ने खेतिपाति गररे आफ्नो जिविकोपार्जन गर्ने पढेर के हुन्छ हामिले गर्ने भनेको खेतिपानि नै हो नपढे नि खेतिपाति गर्न सकिहालिन्छ, पढेपछि जागिरका लागि घर छोडेर बाहिर जानुपर्छ भन्ने सोचले नपढि बस्ने खेतिपातिमै रमाउने गरेको यो जातिको हाल आएर यो सोचमा परिर्वतन भएको छ (विष्ट, २०५५) ।

यस समुदायका युवाहरू नयाँ नयाँ सिपहरूको सिकाईमा लागेका छन । व्यापार व्यवसायमा संलग्न हुदै आएका छन । अरु जाति सरह हामिनै कुनै कुरामा कम छैनौ हामि पनि आफ्नो घर जग्गा बनाएर स्थायी रुपले बस्न सक्छौ भन्ने भावनाको विकास हुदै गएको छ । हाल यस समुदायका मानिसहरू जागिर, व्यापार व्यवसाय, उद्योगधन्दा संचालन, व्यावसायिक खेतिपाति जस्ता कार्यहरूमा संलग्न भई आय आर्जन गर्दै आएका छन । यसरी आयआर्जन गरेको रकम बचत गरी जग्गाजमिन खरिद गर्ने, घर बनाउने, स्थायी रुपले स्थापित हुने प्रवृतिको विकास यस जातिमा हुदै गईरहेको छ । खानलाउन पुगे भैहाल्छ भन्ने सोच रहेको यो जाति हाल आएर परिर्वतन लाई आत्मसाथ गर्दै आफ्नो स्थायित्व खोजि गर्दै गएका छन ( दहित, २०६२) ।

साहुजनको जग्गा जोतभोग गरे मात्रै बाँचिन्छ, जग्गाजमिन भएपछि बसाईसराई गर्न पाईदैन भन्ने मानसिकता बोकेको यो जातिमा हाल भएको परिर्वतन, हाल तिनिहरूले अचल सम्पत्ति घर जग्गाजमिनका सम्बन्धमा बनाएको दृष्टीकोणका तथा जग्गाजमिनमा थारु समुदायको स्वामित्वको अवस्था र प्रवृत्तिको अध्ययन नै यो शोधपत्रको मुख्य उद्देश्य रहेको छ ।

## १.२ समस्याको कथन

थारुहरू नेपाल र भारतको सिमाना जोडिएको तराई क्षेत्रमा बसोबास गर्ने आदीवासी जाती हुन् । नेपालको पूर्वी तराईको झापा देखि सुदुरपश्चिमको वर्दिया, कैलाली, कञ्चनपुर सम्मका विभिन्न क्षेत्रमा वसोवास गर्दै आइरहेका थारु समुदायका मानिसको आफ्नै किसिमको चालचलन भेषभुषा र आफ्नै भाषा छ । यस जाति नेपालका आदिवासी जनजातिमध्ये बढी जनसंख्या भएको जाति हो । नेपालमा थारुजातिको जनसंख्या १७,३७,४७० छ भने अध्ययन क्षेत्रका रुपमा रहेको कैलाली जिल्लाको टीकापुर नगरपालिकामा यस जातिको संख्या ३३,१९९ रहेको छ जुन कुल जनसंख्याको ४१.१४ प्रतिशत हो (टीकापुर नगर, २०७५) ।

थारु समुदायको आफ्नै भाषा, संस्कृति, रहनसहन, रीतिरिवाज, लिपि तथा इतिहास रहेको छ । समाजशास्त्री डोरबहादुर विष्टका अनुसार थारुहरूविशेषतः दक्षिणको थार मरुभूमिबाट आएको हुनाले थारु नाम रहन गएको हो । थारुहरूको बसोबास रहेको तराईको क्षेत्रलाई थारुवान वा थरुहट भन्ने चलन उहिलेदेखिकै हो (पाण्डे, २०६०) ।

थारुजातिको उत्पत्तिको सम्बन्धमा प्रस्ट्याउदै कसैले यिनीहरूलाई सिन्धुप्रदेशको थार भन्ने ठाँउबाट नेपाल आएका हुन भने कसैले मुसलमानी आक्रमणबाट बच्न चितौढ (भारत) बाट पहाडी भू-भागतर्फ आएको जाति हो भनेका छन् । कसैले शाक्य वंशका आपसी सम्बन्ध टुट्दै गएपछि यस वंशबाट सम्बन्ध हटेर अलग्गै नामधारी समाजमा परिणत भएको समाजनै आजको थारुसमाज हो भनेका छन् । त्यसैगरी कसैले भारतको थारमरुभूमिबाट यिनीहरू नेपाल आएका हुँदा थारु कहलिएका हुन भनेका छन् । कसैले थारु आदिमकाल देखिनै यहीका बासिन्दा हुन् भनेका छन् । यसरी अनुसन्धान पिच्छे फरक फरक मतहरूअघि सारेर यो जातिको मुलथलो नै विवादित हुनपुगेको छ । तापनि थारुवासी नेपालको आदिवासीनै हुन् (पाण्डे, २०६०) ।

नेपालका थारुजातिको उत्पतिको सम्बन्धमा विभिन्न प्रकारको राय पाईन्छ । केही विद्धानहरूले थारुहरूलाई शाक्य वंश सँग सम्वन्धित गरी यिनीहरूको उत्पत्ति नेपाल भित्र नै भएको बताउँछन् भने रानाथारुहरूले आफुलाई राजपुत भन्दछन् । भारतमा मुगलबाट राजपुत पराजित भएपछि तिनीहरूको पत्नीहरू नोकरहरूलाई लिएर नेपालको तराई प्रवेश गरे । उनीहरूका पतिहरूलाई त्यही लडाईमा मारियो । त्यसैले ती महिलाहरू नोकरहरूलाई नै पति बनाएर बस्न बाध्य भए । यिनै राजपुत महिलाहरूले नोकरबाट जन्माएका सन्तान नै थारु भए भन्ने किम्बदन्ती रहेको छ (अधिकारी, २०५६) ।

थारुहरू आफूलाई तराईको मौलिक र आदिवासी जाति भएको विश्वास गर्दछन् र कसैले थारु आफूलाई कपिलवस्तुको शाक्य वंशसँग सम्बन्धित गराई सिद्धार्थ बुद्धको पुस्ता मान्दछन् भनी उल्लेख गरेका छन् । थारुहरू सिद्धार्थ  गौतमको वेराज हो । सिद्धार्थ गौतम थारुजातिका थिए । थारुहरू शाक्य र ओहाकुमुखा वंशज हो । जो पहिले राजा थिए (रेग्मी, १९९९ ई.) ।

यस प्रकार यि विभिन्न बिद्धानहरूको भनाईलाई बिचार गर्दा थारुहरू नेपालको मूलवासी हुन् र उनीहरूको उत्पति नेपालमै भएको हो । कमजोर आर्थिक स्थिती र उच्च  नीरक्षरता दरका कारण अधिकांश थारुहरूको समाजिक आर्थिक तथा चेतनाको स्तर नेपालकै अनाछन्य पहाडी जातीहरूको तुलनामा निकै कमजोर रहेको पाइन्छ । कमजोर आर्थिक स्थिति तथा भूमिहिनताको कारण अधिकांश थारु पुरुषहरू कमैयाकारुपमा, ग्रामिण श्रमिकको रुपमा तथा महिलाहरू कमलरी, ओर्गानी, वुर्कहरी बनेर मालिकहरूको घरमा दास दासी भएर

बाध्यात्मक श्रम गर्नु परिरहेको अवस्थाबाट पिडित थारुहरूको उत्थानका निमित्त वि.सं. २०५७ सालमा राज्य स्तरवाट कमैया मुक्तिको घोषणा गरी तिनीहरूलाई बाध्यात्मक श्रमबाट मुक्ति गरी पुर्नस्थापनको प्रयासभएको देखिएपनि यो समग्र जातिको उत्थान तथा स्थायित्वका लागि उचित व्यवस्थापन हुन सकेको छैन ।

थारुजाति विशेष गरी जंगल नदि छेउछाउ बस्ने पशुपालन गर्ने माछा मार्ने जमिनदारको खेतिपाति लगाईदिने, साहुजनको घरमा बाधा मजदुरी गरी खाने कमैया कम्लहरी बस्ने इतिहास भएको यो जातिमा आफ्नो स्थायित्वका बिषयमा खासै चासो दिएको पाइदैनथ्यो । स्वास्थ्य, शिक्षा, आर्थिक लगायत चेतनास्तर समेत शून्य अवस्थामा रहेको थारु समुदाय समयको क्रम संगै पुरातन साँचबाट माथि उठ्ने अभिलाषा देखाउन थाल्यो । यस समुदायका सन्तानहरू विद्यालय जान थाले चेतनाको स्तर केही माथि उठ्यो । फलस्वरुप आर्थिक पक्षलाई चासो नै नदिने उनीहरूले यसलाई महत्व दिन थाले । उनीहरू अब जोताहमा मात्रै सीमित नरही आफ्नै जमिन हुनुपर्छ भन्ने चिन्तन राख्न थाले । तत् पश्चात थारुजातिमा भएको विकासक्रम, यस समुदायको जिविकोपार्जन तथा जीवनशैलीमा भएको परिर्वतन, यस समुदायले भुमि उपभोग तथा स्वामित्वका सम्बन्धमा बनाएको दृष्टीकोण तथा हाल यस समुदायको भुमि स्वामित्वमा भएको पहुँचको आवस्था आदिको अध्ययन हुनु अत्यन्त अवश्यक देखिन्छ ।

थारुजातिको उत्पतिको इतिहास, यस समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक पक्ष, आदिको अध्ययन भए पनि यस समुदायको जग्गाजमिन सम्मको पहुँच तथा स्थायित्वका विषयमा अध्ययन नहुनु एउटा समस्याको रुपमा रहेको छ । थारु समुदायको अचल सम्पत्ति घर जग्गाजमिनमा स्वामित्वको सम्बन्धमा लेखरचना, कृतिहरू तथा पुर्व अध्ययन सम्वन्धी सन्दर्भ सामाग्रीहरू उपलब्ध नहुनुले पनि यस बिषयको अध्ययन अनुसन्धान गर्न झन बढी आवश्यक महशुस गरिएको छ । यसै सन्दर्भमा वर्तमान अध्ययनले निम्नलिखित प्रश्नको उत्तर खोज्ने प्रयास गरेको छ ।

- थारु समुदायको भुमिमा स्वामित्वका सम्बन्धमा धारणा के छ ?
- थारु समुदायको आर्थिक जीवन कसरी सञ्चालित छ ?
- यो समुदायको भुमिस्वामित्व सम्बन्धमा चेतनाको स्तर के छ?
- राज्यस्तरवाट यस समुदायको स्थायित्व तथा भुमिमा पहुँचका सम्बन्धमा के कस्तो पहल भएको छ ?

## १.३ अध्ययनको उद्देश्य

- थारु जातिको भुमिस्वामित्वमा पहुँचको अवस्थामा आएको परिर्वतन खोज गर्ने ।
- थारु समुदायको भुमि स्वामित्वमा पहुँचको सहजताका लागि राज्य स्तरवाट भएका प्रयासहरूको चित्रण गर्नु ।

## १.४ अध्ययनको महत्व

यो अनुसन्धान थारु समुदायका मानिसको जग्गाजमिनमा पहुँचको अवस्था थाहा पाउनका लागि गरिएको हो । थारु समुदायका अघिल्लो पुस्ताका व्यक्ति र पछिल्लो पुस्ताका व्यक्तिले भुमि सम्वन्धी बनाएको दृष्टिकोण कस्तो छ भन्ने थाहा पाउन र समयको क्रमसँगै थारुजातिमा बृद्धि हुदै गएको चेतनाको स्तर, राज्य स्तरवाट यस जातिको स्थायित्वका लागि विभिन्न समयमा भए गरेका प्रयासहरू, हालकादिनहरूमा यस जातिको भुमिस्वामित्वमा पहुँचको अवस्था आदिका बारेमा जानकारी हासिल गर्न यस अध्ययन महत्पूर्ण रहेको छ । यस अनुसन्धानको महत्वपूर्ण पक्ष भनेकै थारु समुदायले भुमिमास्वामित्व लाई कसरी हेरेका छन्, उनिहरूको पहुँचको अवस्था कस्तो छ भन्ने कुरा पत्ता लगाउनु हो । यस अनुसन्धानबाट थारुसमुदयका मानिसहरूको जग्गाजमिनमा स्वामित्व कायम गर्ने चाहाना हुँदा हुँदै पनि स्वामित्व ग्रहणमा कमिहुनुको कारण थाहा पाउने कोसिस गरिएको छ । थारु समुदायको भुमि स्वमित्वमा पहुँचको अवस्थाको जानकारी लिन चाहने तथा यस विषयमा थप अध्ययन अनुसन्धान गर्न चाहने सम्बन्धित व्यक्ति, संस्थाले यस अध्ययनलाई सन्दर्भ सामग्रीका रुपमा प्रयोग गर्न सक्नेछन ।

## १.५ अध्ययनको सीमा

"थारु जातिको भुमिमा स्वामित्व : एक अध्ययन" शोधपत्र तयार गर्नका लागि नेपालको तराई प्रदेशको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका थारुजातिका बारेमा अध्ययन गर्नुपर्ने आवश्यकता भए तापनि श्रोत र साधनका हिसाबले असम्भव भएकाले अध्ययनलाई सिमान्कन गर्न आवश्यक छ । यसका लागि कैलाली जिल्लाका थारु समुदायको भुमिमा स्वामित्वको अवस्थाको समग्र अध्ययन गर्नका लागि कैलाली जिल्लाको टीकापुर नगरपालिका अर्न्तगत बसोबास गरी भुमिमा स्वामित्व कायम गर्नका लागि मालपोत कार्यालय टीकापुर आउने व्यक्तिहरूलाई प्राथमिक श्रोत अन्तर्गत नमूना प्रश्न सोधिने र अन्य तथ्याङ्क मालपोत कार्यालय टीकापुर, भुमिसुधार कार्यालय, टीकापुर नगरपालिका कार्यालय, जिल्ला समन्वय

समितिको कार्यालय (साविकको जिल्ला विकास समितिको कार्यालय), विभिन्न लेखरचना, पत्रपत्रिका, थारु समुदायका सम्बन्धमा गरिएका विभिन्न सोधपत्र, यस जातिको इतिहासका सम्बन्धमा प्रकाशित भएका विभिन्न पुस्तकहरूलाई द्वितिय श्रोत मानि यो अध्ययन सीमित गरिएको छ ।

## १.६ शोधपत्रको सांगठनिक रुपरेखा

यस शोधपत्रलाई छ वटा अध्यायमा विभाजन गरिएको छ । अध्याय एक परिचय रहको छ । जसमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको महत्व, अध्ययनको उद्देश्य, अध्ययनको सिमा, अध्ययनको सांगठनिक रुपरेखालाई समेटिएको छ । अध्याय दुई सम्बन्धित साहित्यको पुनरावलोकन रहेको छ । यसमा थारुजाति र तिनको जग्गाजमिनमा रहेको धारणा सम्बन्धी पहिले अध्ययन भएका कुराहरू उल्लेख गरिएको छ । अध्याय तीन अनुसन्धान विधि रहेको छ । यसमा अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत र प्रकृति, नमुना छनौट, तथ्याङ्क संकलन विधि, तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरणको बारेमा उल्लेख गरिएको छ । अध्याय चार अध्ययन क्षेत्रको परिचय रहेको छ । यसमा अध्ययन क्षेत्रमा पर्ने जिल्ला तथा नगरपालिकाको परिचयलाई समेटिएको छ । अध्याय पाँचमा थारुजातिको भुमिमा स्वामित्वको स्थिति रहेको छ । यस अध्यायमा अध्ययन क्षेत्रका थारु जातिको भुमि स्वामित्व र सो प्राप्तिका स्रोतहरूको विश्लेषण गरिएको छ । यसैगरी अध्याय छ सारांश र निष्कर्ष रहेको छ । यस अध्यायमा अध्ययनबाट प्राप्त जानकारीको सारांश र निष्कर्षलाई समेटिएको छ । अन्त्यमा सन्दर्भग्रन्थ सूचि तथा शोध पत्रको लागि तयार पारिएको प्रश्नावली समावेश गरिएको छ ।

# अध्याय दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन

प्रारम्भिक दिनहरूमा थारुहरू नगदको अभावले आफ्नै नाममा भूमि स्वामित्वलिनको लागि त्यति इच्छुक थिएनन् । उनीहरू खालि भूमिमा खेती गर्न रुचाउँथे किन कि त्यस्ता जग्गाहरूको सीमित अवधिको लागि राजश्व तिर्नु पर्दैनथ्यो । त्यहाँबाट फेरि उनीहरू सो जग्गा सुपथ मूल्यमा बिक्री गरी नेपालको पश्चिम क्षेत्र बर्दिया, कैलालीतिर जुन जग्गामा राजस्व तिर्नु पर्दैनथ्यो, नयाँ जग्गामा खेती गर्नका लागि जान्थे (रजौरे, १९९७) ।

अठारौं शताब्दीसम्म पनि आदिवासीहरूको प्रथाका आधारमा भूमि प्रशासन प्रचलनमा थियो । किपट प्रणाली अन्तर्गतकुनै निश्चित भूभागमा रहेका समुदायको सदस्यको हैसियतमा किपट भूमि प्राप्त हुने गर्दथ्यो । यस्तो भुमि खरिद विक्री नभई समुदायको प्रमुख व्यक्तिद्धारा समुदायका अन्य व्यक्तिहरूलाई प्रयोगको अधिकार मात्र दिइन्थ्यो (रेग्मी, १९९९) ।

थारुजाति नेपालको मूलवासी एवं तराई तथा भित्री तराईको धर्तीपुत्र हुन् । यिनीहरूको मुख्य पेशा कृषि हो । यो जाति प्राचीनकालदेखि नै बसोबास गरी आएका छन् । थारुजातिको प्रमुख विशेषता सोझोपन र इमान्दारिता हो । उनीहरूजालझेल गर्न जान्दैनन् । सोझोपन र इमान्दारिता थारुजातिको नीधि हो । नेपालको तराई तथा भित्री मधेशका हरिया फाँटहरूमा प्राचीनकालदेखि अन्न उत्पादन गरेर देशको आर्थिक मेरुदण्डमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । देशको आर्थिक स्थितिमा योगदान दिने थारु स्वयंको आर्थिक, सामाजिक अवस्था दयनीय भएको पाइन्छ (आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, २०६२) ।

थारुहरू मुख्यतया खेती र पशुपालन बाटै जीविका गर्दछन् । आजकाल केही, खास गरी पूर्व तराई तर्फका थारुहरू मध्ये व्यापार तथा सरकारी नोकरी आदिमा सफलता पाएकाहरू पनि छन् । थारुजातिमा शिक्षित वर्गको संख्या दिनदिनै बढ्दै छ तर धेरै जसो मानिस अझै खेतीमा लागेका छन् । पश्चिम तराई तर्फ खेती गर्ने तरिका पुरानै भएकाले उब्जनी पनि कमै हुन्छ । मोहियानीमा उनीहरूको आर्थिक अवस्था पनि राम्रो छैन (विष्ट, २०५५) ।

थारु बढई (सिकर्मी) को काम आफै गर्दछन् । तेल पनि आफै बनाउँछन् थरुहटमा धोवी हुँदैनन् तर पनि आफुभन्दा दक्षिणका मानिसका तुलनामा लुगाफाटा सफा राख्छन् । खेती नै थारुहरूको एक मात्र व्यवसाय हो । यस काममा उनीहरूभन्दा परिश्रमी अरु कमै हुन्छन् । एउटा हलोका लागि उनीहरू तीन जोडा गोरु राख्दछन् । विहानै देखि दश बजेसम्म जोत्छन् । दुई बजे दोस्रो जोडी गोरु जोत्छन् । त्यसपछि अन्तिममा तेस्रो गोरु जोत्छन् । थरुहटमा धानकै खेती हुन्छ, यसैले भात नै यिनीहरूको प्रधान खाद्य हो । खानको लागि कुखुरा पनि यिनीहरू पाल्दछन् ।थारुहरूमा 'भगत' भेट्नु धेरै कठिन छ । मासु र रक्सीका यी धेरै प्रेमी छन् (शर्मा, २०६४) ।

शिक्षाको कमिले गर्दा थारुजाति अन्धविश्वास र रुढिवादी विचारबाट ग्रस्त छन् । थारुजातिको मनोवैज्ञानिक विश्लेषण गर्दा आफ्नो खेती छँदैछ । पढाएर के मतलव भनेको पाइन्छ । केटाहरू ठूलो भए पछि खेतीमा लागि हाल्छन् भन्ने मनोवृत्तिले थारुजातिमा शिक्षाको विकासमा बाधा पुर्याएको देखिन्छ (प्रसाद, २०३४) ।

थारुहरूका घरहरू प्रायः सबै उत्तर दक्षिण लम्बाई भएका हुन्छन् र दक्षिण तर्फ ढोका हुन्छ र त्यहि ढोकाको सम्मुख पश्चिम अर्को ढोका हुन्छ । यिनीहरू संयुक्त परिवार प्रथामा वस्न मन पराउने हुँदा परिवार संख्या ठूलो हुन्छ । ४/५ पुस्तासम्म एउटै परिवारमा हुन्छन् । त्यसैले घरहरू लामा-लामा हुन्छन् । घरभित्र गल्ली र गल्लीका दुवैतिर लहरै कोन्टी (कोठा) हुन्छन् । त्यस्ता कोन्टीहरू डेहरी (अनाज राख्ने भाँडो) ले विभाजित गरिएकोहुन्छ । यिनीहरूको घरहरू प्रायः जसो जताततै फुसको छानो, फूसकै टाटीको भित्तो भएकोहुन्छ । पक्की घर हुनेहरूका पनि कुलदेवता भने फूसको घरमै राखिएका हुन्छन् । पक्की घरमा देवताले वस्न मान्दैनन् भन्ने मान्यता थारुहरू राख्दछन् (पाण्डेय, २०६१) ।

थारुहरू तराई प्रदेशमा फैलिएर बसेका छन् र अचेल उनीहरूको रहनसहन, मुल्य-मान्यता, विश्वासहरू पहिलेको जस्तो समान प्रकृतिका देखिदैनन् । तर आजकाल यिनीहरूमा पनि परिवर्तन देखिन थालेको छ । अहिलेको विश्वमा देखिएको विकासको गति सँगै यिनीहरू पनि राम्रो जीवनस्तरका लागि संगठित भएर हिडेका छन् । अहिले थारुहरू पनि राष्ट्रिय मूलधारमा समाहित भैरहेका छन् र आधुनिक चिकित्सा प्रणाली, शिक्षा जस्ता क्षेत्रमा सहभागी भई लामो सयम देखि स्थिर सामाजिक तथा साँस्कृतिक स्वरुपमा परिवर्तन देखिन थालेको आभाष पाइन्छ (गौतम र थापामगर, १९९४) ।

थारुजातिको सामाजिक अवस्था प्रारम्भिक खालको थियो । सामान्यतः महिलाले एउटा सेतो धोवीले पुरै शरीर ढाक्ने र पुरुषले लगौंटी मात्र लगाई नाङ्गै शरीर लिई जङ्गली तथा कृषि कार्य गरेको र जङ्गली कन्दमूल एवम् कृषि उपजलाई आर्थिक आधार मानेका थिए (विष्ट, १९६७) ।

थारुहरू गंगा यमुनादेखि हिमालयको काखसम्म जग्गा आवाद गरी गुजारा गरे । थारुहरू सम्भाव्यताका अग्रदूत हुन् (कुक्स, १८७०) ।

भूमिमाथिको अधिकारका सवालमा विकासका नाममा आफ्नो प्राचीन परम्परागत र ऐतिहासिक थातथलो, सांस्कृतिक, धार्मिक, सामाजिकलगायतका विविध पहिचानलाई प्रभाव पार्ने गरी राज्यबाट आदिवासीका भूमिमाथिको अधिकार हननले नेपालमा विगत र वर्तमान अवस्थामा चिन्ता थपेको छ । आदिवासी जनजातिको भूमिमाथिको अधिकारलाई आदिवासी जनजातिको हकअधिकारसम्वन्धी घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १६९ र आदिवासी जनजातिको हकअधिकारसम्वन्धी महासन्धिले सुनिश्चित गरे तापनि व्यवहारमा ती घोषणापत्र तथा महासन्धिको भावनाअनुरुप कार्यान्वयन भएको छैन ।

वस्तुतः भूमिमाथि आदिवासी जनजातिहरूको अन्योन्याश्रित सम्बन्ध रहन्छ । कारण भूमिमाथिको अधिकारसँग आदिवासी जनजातिहरूको बसोबास र जीविकोपार्जनसँग मात्र नभएर ती समुदाय विशेषको आध्यात्मिक, धार्मिक, सांस्कृतिक तथा आर्थिक जीवन पद्धतीसँग प्रत्यक्ष-अप्रत्यक्ष सम्बन्ध गाँसिएको हुन्छ । आदिवासी जनजातिहरूको भूमिमाथिको अधिकारको संरक्षण र संवर्द्धन गर्ने दायित्व राज्य सरकारको रहन्छ, तर नेपालमा व्यावहारिक रुपमा यसको ठीक उल्टो छ । आदिवासी जनजातिहरूको भूमि, प्राकृतिक स्रोतसाधन आदिमाथिको आदिकालीन हक अधिकारलाई कुण्ठित र अतिक्रमण गर्ने काम राज्यबाट नै हुने गरेको छ । यद्यपि, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १६९ लाई नेपालले सन २००७ मा नै अनुमोदन गरेको थियो । तर यो महासन्धिको धारामा व्यवस्था भएअनुरुप आदिवासी जनजातिको अधिकारसम्वन्धी कुनै पनि धारालाई राज्यले सम्बोधन गरेको छैन । त्यस्तै, आदिवासी जनजातिको अधिकारसम्वन्धी घोषाणापत्रले सुनिश्चित गरेको ४६ वटै दफाका प्रावधानहरूलाई राज्यले हदैसम्म कुण्ठित गरेको तथ्य समयसमयमा राज्यले ती समुदायका पहिचान तथा अस्तित्वप्रति गम्भीर नभई गरिएका कामकारबाही तथा नीतिनिर्णयहरूले प्रमाणित गर्दछन् (राजभण्डारी अमात्य, २०७३) ।

थारुहरूको आर्थिक स्थितिको बारेमा मेदीनीप्रसाद शर्मा (२०६४) भन्दछन् थारुहरूसिकर्मीको काम आफै गर्दछन् । तेल पनि आफै बनाउँदछन् । खेतीनै थारुहरूको एकमात्र व्यवसाय हो । खेतीको काममा थारुजातिको जति परिश्रमी अरु कमै हुन्छन् । एउटा हलोको लागि उनीहरू ३ जोडा गोरु राख्दछन् ।थारुहरूमाछा मार्न ज्यादै मन पराउँदछन् । थारुहरू प्रायः घरमा बसेको समयमा त्यसै निष्कृय भई बस्दैनन् । उनीहरू केहीनकेही काम गरिरहेकै हुन्छन् । थारुहरूले बर्खेवाली र हिउँदेबाली लगाउदछन् । बर्खेवालीमा धान र सनपाटको खेती गर्दछन् भने हिउदे बालीमा चना, मसुरो, केराउ, गँहु लगाउँदछन् । थारुहरूले भर्खर भर्खर आधुनिक तरिकाबाट खेती गर्न थालेको देखिन्छ । थारुहरूको आर्थिक अवस्था अधिकांश रुपमा दयनिय नै देखिन्छ । पाहुनाको सत्कारमा बढी खर्च, जाँड रक्सीको प्रयोग, पुरानै ढंगमा खेती गर्ने प्रणाली, खेती मात्र एक मुख्य पेशा आदिको कारणले थारुजातिको आर्थिक अवस्थामा सुधार भएको देखिदैन (शर्मा ,२०६४) ।

माथिका सबै स्वदेशी तथा विदेशी बिद्धानहरूको भनाइलाई समष्टिगत रुपमा विश्लेषण गर्दा थारुजातिहरू ज्यादै पुराना आदिवासी भए पनि शिक्षा तथा चेतनाको स्तर अन्य जातिको भन्दा कमि रहेको पाइन्छ । आफ्नो स्थायित्वका लागि यो जातिका मानिसहरूको त्यति पहल भएको पाइदैन । खेतिपाती मै रमाउने, माछा मार्ने जाड रक्सी खाने भोलिका पिडीको चिन्ता नगर्ने, हामि जसरीनै हाम्रा सन्तानले पनि खेतिपाति गर्नुपर्छ भन्ने धारणा यो समुदायमा पाईन्छ । आफ्नैजग्गाजमिन भयो भने बसाईसराई गर्न पाइदैन सधै एकै ठाउँमा बसी राख्नुपर्छ भन्ने सोचले जग्गाजमिनमा स्वामित्व कायम गर्न नचाहने यो जातिमा हालका दिनहरूमा आएर भने उल्लेख्य सुधार भएको पाइन्छ तापनि अन्य जातिको तुलनामा कम नै मान्नुपर्दछ । त्यसैले यस शोधकार्यबाट थारुजातिले हाल भुमिको स्वामित्वका सम्बन्धमा बनाएको दृष्टीकोण र पहुँचको अवस्था, स्थायीत्वका लागि भएगरेका प्रयासहरू तथा यस समुदायको भुमि स्वामित्वमा बढी भन्दा बढी पहुँच र स्थायित्वका लागि यस जाति संग सम्बन्धितले चाल्नुपर्ने आवश्यक कदमहरूको समेत खोजी गर्ने यो अध्ययनले प्रयत्न गरेको छ ।

# अध्याय तीन

# अनुसन्धान पद्धति

यस अध्याय अन्तर्गत अध्ययनलाई विश्वसनिय तथा भरपर्दो किसिमले निष्कर्षमा पुऱ्याउनको लागि उपयोग गरिने विभिन्न अनुसन्धान ढाँचा, अध्ययन क्षेत्र छनौटको औचित्य, तथ्याङ्कको स्रोत र प्रकृति, नमुना छनौट, तथ्याङ्क संकलन विधिहरू, तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण शिर्षकहरूलाई समेटिएको छ ।

## ३.१. अध्ययन क्षेत्र छनौटको औचित्य

कैलाली जिल्लाका थारुहरू पुस्तौपुस्ता देखि आदिवासीको रुपमा बसोबास गर्दै आएका छन् । सम्पूर्ण कैलाली जिल्लामा बसोबास गर्ने थारुजातिको अध्ययन गर्न समय, स्रोत र साधनले सम्भव नहुने भएको हुनाले अध्ययनको लागि कैलाली जिल्ला टीकापुर नगरपालिकालाई छनौट गरिएको हो । यस नगरपालिकालाई छनौट गर्नुका कारणहरू निम्न रहेका छन् :-

- थारुजातिको भुमि स्वामित्वमा पहुचको अवस्थाको अध्ययन गर्न रुचि भएकोले,
- अध्ययन क्षेत्रमा अन्य क्षेत्रको भन्दा तुलनात्मक रुपमा थारुजातिको बढी बसोबास भएकोले,
- अध्ययन क्षेत्र शोधकर्ताको जानकारीको क्षेत्र भएकोले ।

## ३.२. अनुसन्धान ढाँचा

बिषयबस्तु अनुसार यस अध्ययनमा वर्णनात्मक, विश्लेष्णात्मक तथा तुलनात्मक अध्ययन विधिको प्रयोग गरिएको छ । टीकापुर नगरपालिकाका थारुजातिको भुमि स्वामित्वमा पहुँचको अवस्थालाई वर्णनात्मक ढाँचामा जोड दिइ प्रस्तुत गरिएको छ । यसका लागि मालपोत कार्यालय टीकापुरमा भुमिमा स्वामित्व कायम गर्नआउने थारु जातिका मानिसहरूको विस्तृत अन्तरवार्ता लिइएको छ ।

### ३.३. नमुना छनौट

यस अध्ययनमा अध्ययन क्षेत्र कैलाली जिल्लाको टीकापुर नगरपालिकामा बसोवास गर्ने थारुजातिलाई मात्र समावेश गरिएको छ । टीकापुर नगरपालिकाको अभिलेख अनुसार कुल जनसंख्या ९८६५० रहेको छ, जसमा ३९४६० थारुजातिका मानिसहरूको बसोबास रहेको छ । जसमा कुल जम्मा १८६२० घरधुरी परिवार रहेका छन भने थारु घरधुरी ७२५० रहेका छन (टिकापुर नगरपालिका,२०७५) । यि मध्ये बार्षिक रुपमा यस नगरपालिकाका कुल १५५० जनाको नाममा र थारुजातिका औषतमा ५०० जनाका नाममा भूमिमा स्वामित्व कायम भएको मालपोत कार्यालयको तथ्याङ्कवाट देखिन्छ । यो मध्ये सामान्य दैविक नमुना छनौट विधि अनुसार मालपोत कार्यालयमा भुमिमा स्वामित्व कायम गर्न आउने १० प्रतिशत अर्थात ५० जना व्यक्तिको अन्तरवार्ता लिई थारुजातिको भुमिमा स्वामित्व, प्राप्तिको स्रोत, पारिवारिक अवस्था आदिका विषयमा तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

प्रस्तुत शोधपत्रका लागि तथ्याङ्क सङ्कलन गर्ने क्रममा मुख्यतया प्राथमिक र द्वितीय स्रोतलाई अवलम्वन गरिएको छ। प्राथमिक स्रोत अन्तर्गत अनुसन्धान कर्ता आफैले मालपोत कार्यालय टीकापुरमा भुमिमा आफ्नो स्वामित्व कायम गर्न आउने थारु समुदायका व्यक्तिहरू अन्तरवार्तावाट अध्ययनको लागि चाहिने आवश्यक तथ्याङ्क संकलन गरिएको छ भने द्वितीय स्रोत अन्तर्गत यस अघि मालपोत कार्यालय टीकापुरमा यस नगरपालिका क्षेत्र अर्न्तगतका थारुजातिका नाउमा कायम भएको भुमि स्वामित्वको तुलनात्मक विवरण, यस विषयमा टीकापुर नगरपालिकामा रहेको तथ्याङ्क, भुमिसुधार कार्यालय धनगढी कैलालीवाट यस क्षेत्रका थारुजातिलाई वितरण गरिएको जग्गाको तथ्याङ्क, सम्बन्धित पुस्तक, जर्नल, शोधपत्र, प्रतिवेदन आदिलाई लिइएको छ ।

### ३.५ तथ्याङ्क संकलन विधि

अनुसन्धान कार्यको लागि तथ्याङ्क संकलन विधिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यिनै विभिन्न विधिहरूको प्रयोगले हामी आफूलाई चाहिएको तथ्याङ्कहरू सजिलै प्राप्त गर्न सकिन्छ । यस शोधकार्यमा पनि अनुसन्धानकर्ता स्वयम् आफै स्थलगत अध्ययन तथा विभिन्न सम्बन्धित सामग्रीहरू अध्ययन गरी निम्न विधिको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.१ प्राथमिक तथ्याङ्क

अनुसन्धानको मौलिक स्रोतको रुपमा प्राथमिक तथ्याङ्कलाई लिइएको छ । प्राथमिक स्रोतद्वारा तथ्याङ्क संकलन गर्दा अनुन्धान कर्ता आफै संलग्न हुने हुँदा यसरी संकलित तथ्याङ्कहरू तुलनात्मक रुपमा बढी विश्वसनिय, प्रमाणिक तथा आधिकारिक हुने भएकाले यो विधि उपयोगी मानिएको हो । त्यसैले यस शोधकार्यमा प्राथमिक तथ्याङ्क संकलन गर्न निम्न विधिहरूको प्रयोग गरिएको छ ।

#### ३.५.१.१ अन्तर्वार्ता

प्राथमिक स्रोतबाट तथ्याङ्क संकलन गर्नका लागि अध्ययनको उद्देश्य अनुरुप  शोधकर्ताकै उपयोगमा खुला तथा बन्द प्रकृतिका प्रश्नावली अनुसूची मोडलको अन्तरवार्ता फारम तयारी गरी मालपोत कार्यालयमा भु-स्वामित्व कायम गर्न आउने थारुजातिका घरधुरी प्रमुख संग अन्तरवार्ता लिई तथ्याङ्क संकलन गरिएको छ । यसरी अन्तर्वार्ता लिदा अनुसूची १ बमजिमका प्रश्नावली अनुसूचीमा आधारित भएर अध्ययनको उद्देश्य पुरा गरिएको छ ।

#### ३.५.१.२ द्वितिय तथ्याङ्क

कुनै पनि व्यक्तिले आफै अध्ययन क्षेत्रमा गई तथ्याङ्क संकलन नगरी अरु कुनै माध्यमबाट संकलित तथ्याङ्कहरूलाई द्वितिय तथ्याङ्कको रुपमा लिइन्छ । यस अध्ययनसँग सम्बन्धित हुने खालका द्वितिय तथ्याङ्कहरू मालपोत कार्यालय टीकापुर, टीकापुर नगरपालिका, जि.स.स. (साविकको जि.वि.स.), भुमिसुधार कार्यालय, केन्द्रिय तथ्याङ्क विभागबाट प्रकाशित तथ्याङ्कहरू, जनसंख्या सर्वेक्षण, सम्बन्धित पुस्तक, शोधपत्र, जर्नल, प्रतिवेदन आदिबाट लिईएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण

प्राथमिक र द्वितीय स्रोतको माध्यमबाट प्राप्त गरिएका तथ्याङ्कहरू र विवरणहरूलाई आवश्यकता अनुसार विभिन्न स्तर र श्रेणीहरूमा विभाजन गरिएको छ । परिमाणात्मक तथ्याङ्कहरूलाई आवश्यकता अनुसार तालिकिकरण गरिएको छ भने गुणात्मक तथ्याङ्कहरूलाई आवश्यकताअनुसार व्याख्या विश्लेषण गरी अध्ययनको उद्देश्य पुरा गरिएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ अध्ययन क्षेत्रको सामाजिक परिचय

सुदुरपश्चिम प्रदेश क्षेत्रमा अवस्थित कैलाली जिल्लाको क्षेत्रफल ३२३५ वर्ग किलोमिटर रहेको छ । जसको ४०.३ प्रतिशत भाग पहाडी क्षेत्र र ५९.७ प्रतिशत भाग तराई क्षेत्र रहेको छ । यस जिल्लाको उत्तरमा डोटी, डडेल्धुरा, सुर्खेत जिल्ला पर्दछ त्यस्तै दक्षिणमा भारतको उत्तर प्रदेश (लखिमपुर खिरि) पर्दछ भने पूर्वमा कर्णाली नदी, बर्दिया, सुर्खेत जिल्ला पर्दछ र पश्चिममा कञ्चनपुर र डडेल्धुरा जिल्ला पर्दछ । यस जिल्लाको जिल्ला सदरमुकाम धनगढी हो । यस जिल्लामा १ उपमहानगरपालिका (धनगढी उपमहानगरपालिका) ६ नगरपालिका (गोदावरी, गौरीगंगा, भजनी, घोडाघोडी, लम्कीचुहा, टीकापुर), ६ गाँउपालिका (कैलारी, चुरे, बर्दगोरिया, मोहन्याल, जानकी, जोशीपुर) रहेका छन् । यस जिल्लाको जनसंख्या ७,७५,७०९ रहेको छ । जसमा पुरुषहरूको जनसंख्या ३,७८,४१७ र महिलाहरूको जनसंख्या ३,९७,२९२ रहेको छ । यस जिल्लामा जम्मा घरधुरी संख्या १,४२,४१३ रहेको छ । त्यस्तै जनसंख्याको हिसाबले यस जिल्लाको जनघनत्व २४० जना प्रति किलोमिटर रहेको छ । यस जिल्लामा थारुहरूको जनसंख्या ३,२२,१२० रहेकोछ, जुन जिल्लाको कुल जनसंख्याको ४१.५३ प्रतिशत हो । नेपालमा बोलिने जम्मा जम्मी १२३ वटा भाषा सुचिकृत भएकोमा कैलाली जिल्लामा जम्मा ४२ प्रकारका भाषा बोलिने गरेको छ । यस जिल्लाको प्रमुख भाषाको रुपमा थारु भाषा रहेको छ जुन ४१.१ प्रतिशत रहेको छ भने दोस्रो मुख्य भाषाका रुपमा नेपाली भाषा रहेको छ जुन २७.८ प्रतिशत रहेको छ । यस जिल्लामा थारु, बाहुन, क्षेत्री, कामी, मगर, ठकुरी, दमाई आदि जातका मानिसहरूको बसाइ रहेको छ (टीकापुर नगर, २०७५) ।

कैलाली जिल्लाको पूर्वमा अवस्थित टीकापुर, पूर्व-पश्चिम राजमार्गदेखि १४ कि.मी. दक्षिण र कर्णाली नदीको पश्चिममा अवस्थित छ । २०४६ सालको जनआन्दोलन पश्चात् टीकापुर नगरोन्मुख गा.वि.सं. हुँदै वि.सं. २०५३ साल माघ १७ गते टीकापुर नगरपालिका घोषणा भएको हो । तात्कालीन समयमा देशैभर एकैसाथ घोषणा भएका १५ वटा नगरपालिकाहरूमध्ये एक नगरपालिका टीकापुर नगरपालिका पनि हो । साविकको नारायणपुर र धनसिंहपुर गाउँ विकास समितिलाई टीकापुरमा गाभेर २०७३ फागुन २७ गते

मन्त्रीपरिषद्को निर्णयबाट हालको टीकापुर नगरपालिकाको स्थापना भएको हो । टीकापुर नगरपालिका नेपालकै आधुनिक योजना सहितको नगरपालिका हो (टीकापुर नगर, २०७५) ।

वि.सं. २०२८ सालमा घना जङ्गल फडानी गरेर तात्कालीन मन्त्री खड्गबहादुर सिंहले यो नगरको स्थापना गर्नुभएको हो । घना जङ्गल भएको यस क्षेत्रमा बस्ती बस्ने क्रममा यहाँका बस्तीहरू "टीका" जस्तै गरी गोलाकार रूपमा बसेकोले यस ठाउको नाम "टीकापुर" रहन गएको भनाई छ भने अर्कोतर्फ टीकापुरमा बस्ती बसाउने क्रममा जङ्गल फडानीको कार्य दशैंको "टीका" का दिनदेखि प्रारम्भ गरिएकोले यस ठाउँको नाम "टीकापुर" रहन गएको भन्ने भनाई पनि छ । हाल टीकापुर नगरपालिका ११८.३३ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ ।

यस नगरपालिकाको हाल उपस्थित जनसंख्या ८०,६९० रहेको छ जसमा पुरुषको जनसंख्या ३६९०९ र महिलाको जसंख्या ४३७८१ रहेको छ । हाल अनुपस्थित जनसंख्यामा पुरुष संख्या १३४९६ र महिलाको संख्या ४४६५ गरी जम्मा १७९६१ जना अनुपस्थित रहेका छन । यसरी उपस्थित र अनुपस्थित जनसंख्या दुवै मिलाउदा यस नगरपालिकाको कुल जनसंख्या ९८६५१ रहेको छ । यस नगरपालिकामा जम्मा १८६२० घरधुरी रहेका छन् । यस नगरपालिकाको औषत परिवार संख्या ४.३३ जना रहेको छ (टीकापुर नगर, २०७५) ।

यस नगरपालिकाको अन्य विवरणहरू देहायको उपशिर्षकहरूमा उल्लेख गरिएको छ ।

**तालिका ४.१ : टीकापुर नगरपालिकामा बसोबास गर्ने विभिन्न जातजाततिको विवरण**

| जातजाति | जनसंख्या | प्रतिशत |
|---|---|---|
| थारु | ३३,१९९ | ४१.१४ |
| क्षेत्री | २१,५९४ | २६.७६ |
| ब्राम्हण | ७,७०२ | ९.५५ |
| कामी, लोहार | ६,२५५ | ७.७५ |
| दमाई | २,६२० | ३.२५ |
| मगर | २,५३९ | ३.१५ |
| ठकुरी | २,२६३ | २.८० |
| दलित अन्य | १,७०७ | २.१२ |
| अन्य | २,८११ | ३.४८ |
| जम्मा | ८०,६९० | १००.०० |

*टीकापुर नगरपालिकाको पार्श्वचित्र, २०७५*

टीकापुर नगरपालिकामा जातजातिका आधारमा जनसङ्ख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै ३३,१९९ अर्थात् ४१.१४ प्रतिशत थारु, दोस्रोमा २१,५९४ अर्थात् २६.७६ प्रतिशत क्षेत्री, तेस्रोमा ब्राह्मण, चौथो र पाँचौमा क्रमशः कामी, दमाई रहेको देखिन्छ । यस नगरपालिकामा तराईको जनजातीको रूपमा रहेको थारुको जनसङ्ख्या सबैभन्दा धेरै रहेको र दोस्रोमा क्षेत्री र तेस्रोमा पहाडबाट बसाईँसराइँ गरेर आएका ब्राह्मण रहेका छन् । यसरी जातिय हिसाबले विविधतायुक्त समाजमा यस नगरपालिका क्षेत्रमा थारुजातिको बाहुल्यता रहेको देखिन्छ ।

**तालिका ४.२ : टीकापुर नगरपालिकामा बोलिने भाषाको आधारमा जनसङ्ख्याको विवरण**

| जतजाति | जनसंख्या | प्रतिशत |
|---|---|---|
| नेपाली | ४५,९५२ | ५६.९५ |
| थारु | ३२,०५३ | ३९.७२ |
| मगर | १२३७ | १.५३ |
| हिन्दी | ४०९ | ०.५१ |
| मैथली | १७२ | ०.२१ |
| नेवार | ८९ | ०.११ |
| अन्य | ७७८ | ०.९६ |
| जम्मा | ८०,६९० | १००.०० |

*टीकापुर नगरपालिकाको पार्श्वचित्र, २०७५*

टीकापुर नगरपालिकामा रहेका कुल ८०,६९० जनसङ्ख्यामध्ये सबैभन्दा बढी ४५,९५२ जना अर्थात् ५६.९५ प्रतिशतले नेपाली भाषा, ३२,०५३ जना अर्थात् ३९.७२ प्रतिशतले थारु भाषा तेस्रोमा १,२३७ जना अर्थात् १.५३ प्रतिशतले मगर भाषा र क्रमश हिन्दी, मैथली, नेवार, आदीले नगन्य सङ्ख्यामा रहेकोले अन्य भाषा प्रयोग गर्ने गरेको देखिन्छ । यस नगरपालिका केही थारुजातिले पनि नेपाली भाषा प्रयोग गर्ने गरेको उल्लेखित तथ्याङ्कले देखाएको छ ।

**तालिका ४.३: टीकापुर नगरपालिकामा धर्म अनुसारको जनसङ्ख्याको विवरण**

| धर्म | जनसंख्या | प्रतिशत |
|---|---|---|
| हिन्दू | ७७,६६८ | ९६.२५ |
| बौद्ध | १०७ | ०.१३ |
| ईस्लाम | २९४ | ०.३६ |
| क्रिस्चियन | २,४३५ | ३.०२ |
| अन्य | १८६ | ०.२३ |
| **जम्मा** | **८०,६९०** | **१००.००** |

*श्रोत : टीकापुर नगरपालिकाको पार्श्वचित्र, २०७५*

टीकापुर नगरपालिकामा रहेका कुल ८०,६९० जनसङ्ख्यामध्ये ७७,६६८ अर्थात् ९६.२५ प्रतिशत जनसङ्ख्याले हिन्दू धर्म मान्दछन् । दोस्रोमा क्रिस्चियन धर्म मान्नेको सङ्ख्या २,४३५ अर्थात् ३.०२ प्रतिशत र तेस्रोमा ईस्लाम धर्म मान्नेको सङ्ख्या २९४ अर्थात् ०.३६ प्रतिशत रहेको छ । केही मात्रामा धार्मिक विविधता रहे पनि यस नगरपालिकामा हिन्दू धर्मावलम्बीहरूको प्रधानता रहेको तथ्याङ्कले देखाउँछ । नेपालमा सदियौंदेखि रही आएको सहिष्णुता भने यस नगरपालिकामा कायमै रहेको देखिन्छ ।

**तालिका ४.४: ऋण लिनुको कारणका आधारमा परिवारको विवरण**

| ऋण लिनुको कारण | संख्या | प्रतिशत |
|---|---|---|
| व्यापार व्यवसाय | १,१५९ | १२.०८ |
| कृषि व्यवसाय | १,२९५ | १३.५० |
| भवन निर्माण/जमिन | २,७४८ | २८.६४ |
| जन्म/मृत्यु/सामाजिक कार्य | ४५३ | ४.७२ |
| धार्मिक/सांस्कृतिक | ३६० | ३.७५ |
| औषधी उपचार | २,८६८ | २९.८९ |
| शिक्षा | १,९५२ | २०.३४ |
| परिवारको उपयोग | ३,५९७ | ३७.४८ |
| परिवारको सदस्य विदेश पठाउन | २९३ | ३.०५ |
| अन्य कारण | ११९ | १.२४ |
| **जम्मा** | ९,५९६ | १००.०० |

*टीकापुर नगरपालिकाको पार्श्वचित्र, २०७५*

टीकापुर नगरपालिकामा ऋण लिनेहरूको प्रवृत्तिलाई हेर्दा ऋण लिएका कुल ९,५९६ परिवारहरूमध्ये सबैभन्दा बढी घरायसी प्रयोजनको लागि ऋण लिने परिवारको सङ्ख्या

३५९७ अर्थात् ३७.४८ प्रतिशत रहेका छन् । त्यसैगरी दोस्रोमा औषधी उपचारको लागि २,८६८ अर्थात् २९.८९ प्रतिशत, तेस्रोमा भवन निर्माण तथा जमिन खरिद गर्नको लागि २,७४८ अर्थात् २८.६४ प्रतिशत, चौथौंमा शिक्षाको लागि १,९५२ अर्थात् २०.३४ प्रतिशत रहेका छन् भने लगानी र उत्पादन प्रवर्द्धन गर्न निकै कम घरपरिवारले ऋण लिएको देखिन्छ । जसमध्ये १२९५ अर्थात् १३.५० प्रतिशतले कृषिव्यवसायमा र १,१५९ अर्थात् १२.०८ प्रतिशतले व्यापार तथा उद्योगमा लगानी गर्न ऋण लिएको देखिन्छ । उल्लेखित तथ्याङ्क अनुसार भवन निर्माण तथा जग्गाजमिन खरिद कार्यका लागि २८.६४ मानिसहरूले ऋण लिएको देखिनु नै यस क्षेत्रका मानिसहरू ऋण गरेरै भएपनि स्थायित्व प्राप्ति गरिरहेको देखिनु हो ।

# अध्याय पाँच
# थारुजातिको भुमिमा स्वामित्व

## ५.१ थारु जातिको भुमि स्वामित्वमा पहुँचको स्थिति

कैलाली जिल्लाको टिकापुर नगरपालिका क्षेत्रमा बसोबास गरिरहेका थारु समुदायको भुमिमा पहुँचको अवस्थाको अध्ययन गर्ने क्रममा यस क्षेत्रका थारु समुदायका नाममा बिभिन्न आर्थिक बर्षहरूमा कायम भएको जग्गाजमिन सम्वन्धी बिबरणहरू मालपोत कार्यालय टीकापुरको अभिलेखबाट लिई तथ्याङ्क बिश्लेषण गर्ने तथा घरजग्गामा स्वामित्व ग्रहणका लागि मालपोत कार्यालय टिकापुर आएका थारु समुदायका ब्यक्तिहरू संग बिस्तृत अन्तरवार्ता लिई तथ्याङ्कको बिश्लेषण गरिएको छ । यिनै आधारहरूमा आधारित भएर उक्त नगरपालिकामा बसोबास गरिरहेका थारु समुदायको भुमिमा स्वामित्वका सम्बन्धमा समाजशास्त्रिय अध्ययन गरिएको छ जसलाई निम्न बमोजिम तालिकागत रुपमा प्रस्तुत गरिएको छ ।

**तलिका ५.१ : थारु समुदाय र अन्य समुदायका नामका कायम भएको जग्गाको विवरण**


| | | |
|---|---|---|
| थारुजाति | ७१९० | २७ प्रतिशत |
| अन्य जाति | १८९५७ | ७३ प्रतिशत |
| जम्मा | २६१४७ | |

*स्रोत : मालपोत कार्यालय टीकापुर, भु–सुचना प्रणाली ।*

माथिको तालिका नं. ५.१ मा टीकापुर नगरपालिका क्षेत्रभित्र बसोबास गरिरहेका थारुजाति र अन्य जातिका समुदाय मध्ये जग्गाजमिनमा स्वामित्व कायम भएको जनसंख्या प्रस्तुत गरिएको छ । तालिका अनुसार टीकापुर नगरपालिका क्षेत्रमा थारुजातिका नाममा जग्गाजमिन भएका व्यक्तिहरूको संख्या ७१९० रहेको छ भने अन्य जातिका जग्गा धनिसंख्या १८९५७ रहेको छ । प्रतिशतमा हेर्दा थारुजातिका जग्गाधनि संख्या २७ प्रतिशत मात्र रहेको देखिन्छ । उल्लेखित तथ्याङ्क अनुसार अन्य समुदायको तुलनामा यस क्षेत्रका थारु समुदायको जग्गाजमिनमा स्वामित्वको कमि रहेको छ ।

**तलिका ५.२ : थारु समुदायका नाममा कायम भएको जग्गाजमिनको स्रोतको विवरण**

| | |
|---|---|
| सूकूम्बासी आयोगवाट प्राप्त | ४२५ |
| भूमिसूधार कार्यालयवाट प्राप्त | १७७५ |
| टीकापूरनगर विकास समितिवाट प्राप्त | २५५ |
| अन्य तवरवाट (खरिद, पैतृक आदी) | ४७३५ |




**चित्र ५.१: भुमि प्राप्तिको स्रोतका आधारमा टीकापुर नगरपालिकाका थारु जातिको अवस्था**

*(स्रोत : मालपोत कार्यालय टीकापुर, भु–सुचना प्रणाली)*

माथिको तालिका नं. ५.२ तथा रेखाचित्रमा भुमि प्राप्तिको स्रोत आधारमा टीकापुर नगरपालिका क्षेत्रका थारु समुदायका नाममा कायम भएको जग्गाजमिनकोविवरण प्रस्तुत गरिएको छ । जस अनुसार यस समुदायका ४७३५ जनाले आफ्नैकमाई, पैतृक सम्पत्ति, नामसारी, अंशबण्डा आदी तवरले प्राप्त गरेका छन जुन कुल जग्गाको स्वामित्व ग्रहण गरेका थारु समुदायको ६६ प्रतिशत हो । त्यस्तै भुमिसुधार कार्यालयवाट कमैया प्रयोजनका लागि १७७५ जनाले जग्गाजमिन प्राप्त गरेका छन जुन २५ प्रतिशत रहेको छ । त्यस्तै सुकुम्बासी समस्या समाधान आयोगवाट ४२५ र टीकापुर नगरविकास समितिवाट २५५ जनाले जग्गा प्राप्त गरेको देखिन्छ । यस तथ्याङ्कलाई हेर्दा यस क्षेत्रका धेरैजसो थारु

समुदायले आफ्नै कमाई तथा पैतृक सम्पत्तिका रुपमा जग्गाजमिनमा स्वामित्व ग्रहण गरेको देखिएतापनि सरकारी प्रयास पनि केहीमात्रामा भएको देखिन्छ ।

**तलिका ५.३ : थारु समुदाय र अन्य समुदायका नाममा विगत ४ बर्षमा कायम भएको जग्गाको विवरण**

| आ.व. | थारुजातिका जग्गाधनी संख्या | अन्य जातिका जग्गाधनी संख्या | थारुजातिका जग्गाधनी प्रतिशतमा |
|---|---|---|---|
| २०७४।०७५ | ५५० | १३२९ | २९ |
| २०७५।०७६ | ५६२ | १४३५ | २८ |
| २०७६।०७७ | ४९० | ११२९ | ३० |
| २०७७।०७८ | ४९३ | १३९३ | २६ |

*स्रोत : मालपोत कार्यालय टीकापुर, भु–सुचना प्रणाली ।*

माथिको तालिका नं. ५.३ मा टीकापुर नगरपालिका क्षेत्रका थारु समुदाय तथा अन्य समुदायका नाममका विगत ४ अर्थिक बर्षमा कायम भएको जग्गाको विवरण देखाइएको छ । जस अनुसार पछिल्लो ४ बर्षमा थारुजातिका नाममा औषतमा २८ प्रतिशतका नाममा जग्गाको स्वामित्व कायम भएको देखिन्छ । पछिल्ला ४ आर्थिक बर्षमा थारुजातिका नाममा कायम भएको जग्गा बिबरणको तथ्याङ्क हेर्दा यस नगरपालिकामा थारुजातिको जनसंख्यागत बाहुल्यता भएता पनि घरजग्गामा स्वामित्व ग्रहणका हिसावले अन्य जातिको तुलनामा अत्यन्तै न्युन रहेको देखिन्छ ।

**तलिका ५.४ : लिङ्गका आधारमा थारु समुदायका नाममा कायम जग्गाको विवरण**

| आ.व. | महिला | पुरूष | जम्मा | महिला प्रतिशतमा | पुरूष प्रतिशतमा |
|---|---|---|---|---|---|
| २०७४।०७५ | १५८ | ३९२ | ५५० | २९ | ७१ |
| २०७५।०७६ | २०२ | ३६० | ५६२ | ३६ | ६४ |
| २०७६।०७७ | १६९ | ३२१ | ४९० | ३४ | ६६ |
| २०७७।०७८ | १७३ | ३२० | ४९३ | ३५ | ६५ |

*स्रोत : मालपोत कार्यालय टीकापुर, भु–सुचना प्रणाली ।*

प्रस्तुत तालिका नं. ५.४ मा टीकापुर नगरपालिका क्षेत्रभित्र बसोबास गरिरहेका थारुजातिका नाममा पछिल्लो चार आर्थिक बर्षमा महिला र पुरुषका नाममा कायम भएका जग्गाधनिको बिबरण प्रस्तुत गरिएको छ । जस अनुसार पछिल्ला चार बर्षको औषत हेर्दा ३३ प्रतिशत थारु महिलाका नाममा मात्र जग्गामा स्वामित्व कायम भएको देखिन्छ । यसवाट के भन्न सकिन्छ भने थारु समुदायका पुरुषको तुलनामा महिलाहरूमा न्युन मात्रामा जग्गाजमिनमा स्वामित्व कायम भएको छ ।

**तलिका ५.५: प्रयोजनका आधारमा थारु समुदायका नाममा कायम भएको घरजग्गाको विवरण**

| प्रयोजन | आ.व. २०७४।०७५ | आ.व. २०७५।०७६ | आ.व. २०७६।०७७ | आ.व. २०७७।०७८ | जम्मा |
|---|---|---|---|---|---|
| घडेरी | २६ | २३ | ३३ | ५९ | १४१(६.७३%) |
| घर | ८ | ७ | ४ | ४ | २३(१.१०%) |
| आवादी | ५१६ | ५३२ | ४५३ | ४३० | १९३१(९२.१७%) |
| जम्मा | ५५० | ५६२ | ४९० | ४९३ | २०९५(१००.%) |

*स्रोत : मालपोत कार्यालय टीकापुर, भु–सुचना प्रणाली ।*

माथिको तालिका नं. ५.५ मा प्रयोजनका आधारमा टीकापुर नगरपालिका क्षेत्रका थारु समुदायका नाममका कायम भएको घरजग्गाको विवरण प्रस्तुत गरिएको छ । जस अनुसार पछिल्लो ४ आर्थिक बर्षहरूमा आवादी प्रयोजन अर्थात खेतिपाति गर्ने प्रयोजनका लागि अधिकाशं थारु समुदाय ९२.१७ प्रतिशतले जग्गाजमिनमा स्वामित्व कायम गरेको देखिन्छ । त्यस पश्चात ६.७३ प्रतिशतले घडेरी प्रयोजनका लागि र न्यून मात्रमा घरमा स्वामित्व कायम गरेको देखिन्छ । यस तथ्याङ्कको विश्लेषण गर्दा के भन्न सकिन्छ भने धेरैजसो थारुजाति हालको समय सम्म पनि खेतिपाति गर्ने प्रयोजनका लागि जग्गाजमिनमा स्वामित्वग्रहण गर्ने गरेका छन ।

**तलिका ५.६: जग्गा प्राप्तिको प्रकारका आधारमा थारु समुदायका नाममा कायम भएको जग्गा जमिनको विवरण**

| प्रकार | आ.व. २०७४।०७५ | आ.व. २०७५।०७६ | आ.व. २०७६।०७७ | आ.व. २०७७।०७८ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| अंशबण्डा | १४० | १४६ | १२४ | ८५ | ४९५ | २४% |
| नामसारी | २९ | ३८ | १४ | ६७ | १४८ | ७% |
| राजिनामा | २७९ | ३०४ | २८२ | २६१ | ११२६ | ५४% |
| बकसपत्र | ३६ | १९ | २६ | २१ | १०२ | ५% |
| अन्य | ६६ | ५५ | ४४ | ५९ | २२४ | ११% |
| जम्मा | ५५० | ५६२ | ४९० | ४९३ | २०९५ | १००% |

*स्रोत : मालपोत कार्यालय टीकापुर, भु–सुचना प्रणाली ।*

माथिको तालिका ५.६ माजग्गा प्राप्तिको प्रकारका आधारमा टीकापुर नगरपालिका क्षेत्रका थारु समुदायका नाममा कायम भएको जग्गाजमिनको विवरण प्रस्तुत गरिएको छ । जस अनुसार पछिल्लो ४ आर्थिक बर्षहरूमा राजिनामा (खरिद) मार्फत जग्गाजमिनमा स्वामित्व ग्रहण गर्ने थारु समुदायको संख्या ५४ प्रतिशत रहेको छ । त्यस्तै पैतृक सम्पत्ति बाँडफाँड (अंशवण्डा) वाट २४ प्रतिशत थारु समुदायको जग्गाजमिनमा स्वामित्व कायम गरेको देखिन्छ । त्यसैगरी नामसारी गरी ७ प्रतिशतले, बकसपत्रवाट ५ प्रतिशतले र अन्य ( अदालति मिलापत्र, सरकारवाट प्राप्त, मोहीबाँडफाँड आदी) वाट ११ प्रतिशत थारु समुदायले जग्गाजमिनमा हक कायम गरेको देखिन्छ । उल्लेखित तथ्याङ्क अनुसार धेरैजसो थारु समुदायका मानिसहरूले राजिनामा (खरिद) मार्फत जग्गाजमिनमा स्वामित्व कायम गरेका छन । अरुको जग्गाजमिन जोतभोग गरे मात्रै बाँचिन्छ, जग्गाजमिन भएपछि बसाईसराई गर्न पाईदैन भन्ने प्राचिन सोच भएको यस जातिका मानिसहरू हालका दिनहरूमा आयआर्जन गरी जग्गाजमिनमा स्वामित्व कायम गरिरहेका छन । समयको क्रम संगै यस जातिका मानिसहरू पनि परिर्वतनलाई आत्मसाथ गर्दै आफ्नो स्थायित्वका लागि अग्रसर छन भन्ने तथ्य उल्लेखित तथ्याङ्कका आधारमा प्रमाणित हुन्छ ।

## ५.२ भूमिहीन, सुकुम्बासीमुक्त कमैया लगायतको स्थायित्वका लागिराज्यको प्रयास

भूमि प्रकृतिप्रदत्त सम्पदा हो । यो मानव जातिका लागि गास, बास, कपास र जीवनका आधारभूत आवश्यकता पूरा गर्ने मुख्य स्रोत हो । कृषि प्रधान देश नेपालका लागि भूमि मुख्य उत्पादनको साधन हो । यो कृषि तथा खाद्य उत्पादन, उद्योग धन्दा कलकारखानाका विभिन्न कच्चा पदार्थहरू उत्पादनका साथै मानव जीवन र जीविकाका अधिकांश दैनिक क्रियाकलापहरूको मुख्य थलो हुनुका साथै सांस्कृतिक पहिचान र समृद्धिको आधार हो । यसर्थ भूमि मानव जीवनको अभिन्न हिस्सा हो । नेपालको संबिधान २०७२ को धारा ५१ राज्यका नीतिहरू अर्न्तगत मुक्त कमैया, कम्लहरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापन गर्ने संबैधानिक ब्यबस्था समेत रहेको छ । यस प्रकार राज्य तर्फवाट बिभिन्न समयमा भूमिहीन सुकुम्बासी, आदीबासी जनजाति, मुक्त कमैया, कम्हलहरी, दलित लगायतका पिछडा बर्गहरूको स्थायित्वका लागि हाल सम्म भएका गरेका प्रयासहरूलाई उल्लेख गरिएको छ ।

### ५.२.१ राष्ट्रिय भूमि आयोग २०७८ को गठन

नेपालको संविधानमा खाद्य सम्प्रभुताको हक, आवासको हक, भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने, भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा समुचित उपयोग गर्ने, अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने, प्रत्येक किसानलाई कृषि कार्यका लागि भूमिमा पहुँच, भूमिहीन दलितलाई एकपटक जमिन उपलब्ध गराउने, आवासबिहीन दलितलाई बसोबासको व्यवस्था, भूमिमाथि किसानहरू र भूमिहीन सुकुम्बासीहरूको अधिकार सुनिश्चित गर्ने, मुक्त कमैया, कम्हलहरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर, घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन उपलब्ध गराउने संवैधानिक व्यवस्था गरिएको छ । तिनलाई लागु गर्न भूमि सम्वन्धी ऐन, २०२१ को आवश्यक संशोधन गरिएको छ । नेपालको संविधान र कानुनी व्यवस्था बमोजिमका हक र अधिकारलाई कार्यान्वयन गर्नका लागि भूमिको न्यायोचित वितरणद्वारा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासी तथा किसानहरूको भूमिमाथिको पहुँच र अधिकार सुनिश्चित गर्नु, भूमिको वैज्ञानिक र

महत्तम उपयोग गर्नु, भूमिको बहुआयामिक व्यवस्थापन गर्नु र भूमि प्रशासनलाई जनमुखी बनाई आम जनताको सहज र सरल पहुँचसहितको सुशासन कायम गर्नु राज्यको दायित्व हो ।

सोही दायित्वलाई कार्यान्वयन गर्ने सम्बन्धमा यसरी गठन भएको भूमिआयोगका निम्न बमोजिमका उद्देश्यहरू रहेकाछन ।

१. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको पहिचान, प्रमाणीकरण गर्ने/गराउने ।
२. आवश्यक कार्ययोजना, मापदण्ड, कार्यविधि, कार्यतालिका र प्रणालीहरू तय गरी भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको आवास र भूमिमाथिको पहुँच र अधिकार स्थापित गराई देशबाट भूमिहीनता र भूमिमा आधारित शोषण एवम् विभेदको अन्त्य गर्ने ।
३. कृषि पेशामा संलग्न भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई स्वामित्वसहित कृषिका लागि जमिन उपलब्ध गराउने । भूमिलाई उत्पादनको साधनको रूपमा स्थापित गराई उपलब्ध भूमिको वैज्ञानिक तथा महत्तम् उपयोग गरी भूमिमाथि पहुँच र स्वामित्व प्राप्त गरेका किसानहरूको जीवनस्तर माथि उकास्न सहयोग गर्ने ।
४. जोखिमयुक्त वा कानुनले निषेध गरेका स्थानहरूमा बसोबास गर्दै आएका वास्तविक भूमिहीन दलित र भूमिहीन सुकुम्बासीहरूलाई योजनाबद्ध ढंगले स्थानान्तरण गर्ने ।
५. विगतका आयोग र समितिहरूका अधुरा कार्यहरू आवश्यक कार्यविधि बनाई सम्पन्न गर्ने ।
६. आयोगका कार्यहरू सम्पादन गर्दा स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारसँग आवश्यक सम्पर्क, समन्वय र सहकार्य गर्ने ।
७. आयोगको गठन आदेशमा उल्लेखित काम, कर्तव्य र अधिकारका साथै नेपाल सरकारले तोकेका अन्य कार्यहरू मार्फत भूमिसम्वन्धी बहुआयामिक समस्याहरूलाई दीर्घकालीन रूपले समाधान गर्न योगदान गर्ने ।

*स्रोत : भूमि आयोग गठन आदेश २०७८*

### ५.२.२ मुक्त कमैया, भूमिहिन सुकुम्बासीका लागि जग्गा बितरण

नेपाल सरकारले मुक्त कमैयालाई बसोबास गराउन, रोजगार दिलाउन तथा आय आर्जन सम्वन्धी कार्यको लागि आफ्नो वा आफ्नो परिवारको नाममा घर र जग्गा नभएकोलाई “क” वर्ग,सार्वजनिक वा सरकारी जग्गामा बसोबास गरेको र आफ्नो वा आफ्नो परिवारको नाममा जग्गा नभएकोलाई “ख” वर्ग, आफ्नो वा आफ्नो परिवारको नाममा दुई कट्ठासम्म जग्गा र घर भएकोलाई “ग”वर्ग, र आफ्नो वा आफ्नो परिवारको नाममा दुई कट्ठा भन्दा बढी जग्गा र घर भएकोलाई “घ” वर्ग मा बिभाजन गरी “क” र “ख” वर्गका मुक्त कमैयाको परिवारलाई बसोबास तथा खेतीको लागि संभव भएसम्म उपभोग गरी आएको जग्गा उपलब्ध गराउने सम्भब नभएमा नेपाल सरकारले जग्गा खरिद गरी नगरपालिका र राजमार्गसँग जोडिएको बजार क्षेत्रमा बढीमा एक कट्ठा, राजमार्गसँग जोडिएको अन्य क्षेत्रमा बढीमा दुई कट्ठा, र सो बाहेकको अन्य क्षेत्रमा बढीमा पाँच कट्ठा उपलब्ध गराउने र यसरी प्रदान गरिएको जग्गा धितोबन्धक राख्न वा हक हस्तान्तरण गर्न नपाउने कानुनी ब्यबस्था गरेको छ । यसरी उपलब्ध गराईएको जग्गामा मुक्त कमैयालाई एउटा घर निर्माण खर्च वापत एकपटक नेपाल सरकारले निर्णय गरे बमोजिमको रकम र काठ उपलब्ध गराउने, व्यापारव्यवसाय गर्न चाहनेका लागि ऋण उपलब्ध गराउने तथा वैदेशिक रोजगारीमा जान चाहनेमुक्त कमैयालाई वैदेशिक रोजगारीमा पठाउने व्यवस्था समेत गरेको छ । यस सम्बन्धमा हालसम्म भए गरेका प्रयासहरू निम्न तालकिामा प्रस्तुत गरिएको छ।

**तलिका ५.७ : कैलाली जिल्लाका मुक्त कमैया(थारु समुदाय)को पुनःस्थापन सम्वन्धी बिबरण**

| कार्यक्रम बिबरण | परिवार संख्या |
|---|---|
| जग्गा वितरण | ८६९० |
| जग्गा सट्टाभर्नाको विवरण | ४४३ |
| घर निर्माण खर्च वितरण | ५५६९ |
| काठ वितरण | १३३८ |

*स्रोत : भुमिसुधार तथा ब्यबस्था मन्त्रालयको बार्षिक प्रतिबेदन २०७३*

प्रस्तुत तालिका नं. ५.७ मा कैलाली जिल्लाका मुक्त कमैयाहरूको स्थायित्वका लागि राज्य स्तरवाट भएको प्रयासको बिबरण उल्लेख गरिएको छ । जस अनुसार ८६९० परिवारले जग्गा प्राप्त गरेका छन भने बाढी पहिरो तथा अन्य विभिन्न कारणले गर्दा बसोबास गर्न

सक्ने अवस्था नभएका कारण अर्कै ठाँउमा स्थानान्तरण गरी सट्टाभर्ना जग्गा ४४३ परिवारलाई उपलब्ध गराईएको छ । त्यस्तै घर निर्माण खर्चवापत ५५६९ परिवारलाई रकम उपलब्ध गराईएको छ भने १३३८ परिवारलाई घर निर्माणका लागि काठ उपलब्ध गराईएको छ । उपरोक्त तथ्याङ्कअनुसार थारु समुदायका मुक्त कमैयाहरूको स्थायित्वका लागि राज्यस्तरवाट जग्गा बितरण लगायतका बिभिन्न कार्यक्रमहरू संचालन भईरहेको देखिन्छ ।

## ५.३ थारु समुदायको पैतृक बासस्थान

अध्ययन क्षेत्रका थारु समुदायका मानिसहरूलाई तपाईहरूको पैतृक थलो काहाँ हो । यहाँ कसरी आउनु भयो भनि गरिएको प्रश्नबाट प्राप्त भएको बिबरणलाई तालिकागत रुपमा निम्न बमोजिम उल्लेख गरिएको छ ।

**तालिका ५.८ : थारु समुदायको पैतृक बासस्थान सम्वन्धी विवरण**

| | | |
|---|---|---|
| बसाइसराई | २१ | ४२% |
| जन्म यसै ठाँउमा | २९ | ५८% |
| जम्मा | ५० | १००% |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

माथिको तालिका नं. ५.८ अनुसार अध्ययन क्षेत्रका ५८ प्रतिशतको जन्म यसै ठाँउमा भएको र २१ प्रतिशत दाङ, बर्दिया, लगायतका बिभिन्न ठाँउवाट बसाईसरी आएको भन्ने जवाफ प्राप्त भयो । यस तथ्याङ्क अनुसार यस समुदायका धेरै जसो मानिसहरू परापुर्व कालदेखि नै यसै ठाँउमा बसोबास गर्दै आइरहको र केही मात्रामा अन्य क्षेत्रवाट बसाईसरी बसोबास गर्दै आइरहेको देखिन्छ ।

## ५.४ थारु समुदायको घरको अवस्था

थारुजातिको भूमिमा पहुँच सम्बन्धि समाजशास्त्रिय अध्ययनको क्रममा अध्ययन क्षेत्रका थारुजातिमा बासस्थानको अवस्था के छ ? कस्तो घर अथवा भाडामा के कसरी बसोबास गरिरेहका छन भन्ने बारेमा समेत जानकारी लिने प्रयास गरिएको छ । जसलाई तालिकागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका ५.९ : थारु समुदायको घरको अवस्था**

| | | |
|---|---|---|
| भाडामा | २ | ४% |
| खरले बनेको झुपडी घर | ७ | १४% |
| पक्की घर | १३ | २६% |
| काठले बनेको माटोको घर | २८ | ५६% |
| जम्मा | ५० | १००% |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

माथिको तालिका नं. ५.९ अनुसार सबै भन्दा धेरै ५६ प्रतिशत उत्तरदाताहरू काठले बनेको माटोको घरमा बसोबास गरिरहेको भनि उत्तर दिएका छन भने २६ प्रतिशत पक्कीघरमा बसोबास गरिरेहका छन । त्यस्तै १४ प्रतिशत मानिसहरू खरले बनेको झुपडी घरमा बसोबास गरिरेहको छन भने ४ प्रतिशत मानिसहरू भाडामा बसोबास गर्दै आईरहेको अवस्था छ । माथिको तालिकालाई बिश्लेषण गर्दा यस क्षेत्रका धेरैजसो थारु समुदायहरू खरले बनेको झुपडी घर तथा काठको संरचानाले बनेको माटोको कच्चीघरमा बसोबास गरिरहेको भएतापनि २६ प्रतिशत मानिसहरूको पक्की घर हुनुले हालका दिनहरूमा यस समुदायका मानिसहरू स्थायित्व कायम हुँदै गईरहेको छ भन्न सकिन्छ ।

## ५.५ थारु समुदायको परिवारको आकार

अध्ययन क्षेत्रका थारु समुदायहरूको परिवारिक आकारको अवस्थाका सम्बन्धमा तपाईको परिवारमा कति जना हुनुहुन्छ/कस्तो खालको पारिवारिक संरचना अपनाईरहनु भएको छ भनि गरिएको प्रश्नमा प्राप्त जानकारीलाई तालिकागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका ५.१० : थारु समुदायको परिवारको आकार**

| | | |
|---|---|---|
| २ देखि ३ जना | ७ | १४% |
| ४ जना | १९ | ३८% |
| ५ जना | १० | २०% |
| ६ देखि ८ जना | १४ | २८% |
| जम्मा | ५० | १००% |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

माथिको तालिका नं. ५.१० मा अध्ययन क्षेत्रका थारु समुदायहरूको परिवारको आकारको अवस्थालाई देखाइएको छ जसमा सबैभन्दा बढी ४ जना सदस्य संख्या रहेको पारिवार ३८ प्रतिशत रहेको छ भने ५ जना सदस्य हुने परिवार संख्या २० प्रतिशत रहेको छ । त्यस्तै ६ देखि ८ जना सम्म परिवार सदस्य हुने संख्या २८ प्रतिशत रहेको छ भने २ देखि ३ जना सदस्य संख्या हुने परिवार १४ प्रतिशत रहेको देखिन्छ । उल्लेखिततथ्याङ्क अनुसार अध्ययन क्षेत्रका आधा भन्दा बढी परिवारहरू ४ सदस्य भन्दा कम रहेको अवस्था छ । संयूक्त परिवारमा बस्ने, पुस्तौ सम्म एउटै परिवार कायम गरी बसोबास गर्न रुचाउने ईतिहास भएको यो जातिमा हालका दिनहरूमा परिवारको बनावटमा परिवर्तन आएको छ । चेतनाको स्तरमा बृद्धि, सानो परिवार सुखी परिवारको नाराको प्रभाव यस समुदायमा समेत परेको देखिन्छ ।

## ५.६ थारु समुदायको शैक्षिक अवस्था

थारुजातिको भूमिमा पहुँच सम्बन्धी समाजशास्त्रीय अध्ययनको क्रममा अध्ययन क्षेत्रका थारुजातिको शैक्षिक अवस्थाका बारेमा समेत जानकारी लिने प्रयास गरिएको छ । जसलाई तालिकागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका ५.११ : थारु समुदायको शैक्षिक अवस्था**

| शिक्षाको तह | संख्या | प्रतिशत |
|---|---|---|
| एस.एल.सी. | ५ | १०% |
| उच्च शिक्षा | ७ | १४% |
| निरक्षर | १० | २०% |
| साधारण लेखपढ | २८ | ५६% |
| जम्मा | ५० | १००% |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

कैलाली जिल्लाको टीकापुर नगरपालिका क्षेत्रमा बसोबास गर्ने थारु समुदायको शिक्षाको अवस्था थाहा पाउनको शैक्षिक योग्यता सम्बन्धि प्रश्न गरिएको थियो । जस अनुसार यस क्षेत्रका भुमिमा स्वामित्व कायम भएका धेरैजसो थारु समुदायवाट साधारण लेखपढ मात्र गरेको भन्ने जवाफ प्राप्त भयो, अर्थात ५६ प्रतिशत उत्तरदाताहरूले साधारण लेखपढ गर्नमात्र जान्ने भन्ने जानकारी गराए त्यस्तै साधारण लेखपढ गर्न नजान्नेको संख्या २०

प्रतिशत रहेको देखिन्छ भने एस.एल.सी. सम्म अध्ययन गर्नेको संख्या १० प्रतिशत र उच्च शिक्षा हासिल गरेकाको संख्या १४ प्रतिशत रहेको देखिन्छ । यसवाट के भन्न सकिन्छ भने यस क्षेत्रका थारु समुदायको शिक्षाको स्तर केही सुधारउन्मुख भई केहीले उच्च शिक्षा हासिल गरेको देखिएता पनि धेरैजसो थारु समुदाय साधारण लेखपढ गर्न जान्ने तथा निरक्षर रहेको देखिन्छ ।

## ५.७ थारु समुदायको पेशागत अवस्था

अध्ययन क्षेत्रका थारु समुदायको पेशागत अवस्था के कस्तो छ ? अम्दानीको स्रोतहरू केके रहेका छन ? भन्ने प्रश्नमा उत्तरदाताहरूवाट प्राप्त जानकारीलाई तालिकागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका ५.१२ : थारु समुदायको पेशागत अवस्था**

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| रोजगारी, अन्य | ६ | १२% |
| व्यापार व्यवसाय | ९ | १८% |
| ज्याला मजदुरी | ११ | २२% |
| कृषि | २४ | ४८% |
| जम्मा | ५० | १००% |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

माथिको तालिका नं. ५.१२ अनुसार अध्ययन क्षेत्रका थारु समुदाय सवै भन्दा बढी कृषि पेशामा संलग्न रहेको पाईयो अर्थात यसरी कृषि पेशामा संलग्न रहेको संख्यालाई हेर्दा ४८ प्रतिशत उत्तरदाताहरू कृषि पेशामा संलग्न रहेका छन भने दोस्रोमा ज्यालामजदुरी गर्नेको संख्या २२ प्रतिशत रहेको छ । यसबाट के देखिन्छ भने यस समुदायका धेरैजसो मानिहरू हालसम्म पनि पुर्खाहरूले गरी आएको पेशामा बढी संलग्न रहेका छन । त्यस्तै रोजगारीमा संलग्न रहेका मानिसहरूको संख्या १२ प्रतिशत रहेको छ भने व्यापार व्यवसायमा १८ प्रतिशत मानिसहरू संलग्न रहेको देखिन्छ । रोजगारी र व्यापार व्यवसायमा हालका दिनहरूमा केही मात्रामा यस समुदायको संलग्नता बढ्दै गएको देखिएता पनि धेरैजसो मानिसहरू परम्परागत पेशामा नै संलग्न भई रहेको देखिन्छ ।

## ५.८ थारु समुदायको भुमिमा स्वामित्वको लैगिंक अवस्था

अध्ययन क्षेत्रका थारु समुदायका महिला तथा पुरुषका नाममा कायम भएको जग्गाजमिनको विवरणलाई तालिकागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका ५.१३ : थारु समुदायको भु-स्वामित्वको लैगिंक अवस्था**

| | | |
|---|---|---|
| महिला संख्या | ११ | २२% |
| पुरुष संख्या | ३९ | ७८% |
| जम्मा | ५० | १००% |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

माथिको तालिका नं. ५.१३ मा अध्ययन क्षेत्रका थारु समुदायको जग्गाजमिनमा स्वामित्वको लैगिंक अवस्थालाई देखाइएको छ । जस अनुसार ७८ प्रतिशत पुरुषले र २२ प्रतिशत महिलाले भुमिमा स्वामित्व कायम गरेका छन । यस तथ्याङ्क अनुसार थारुजातिका महिलाको तुलनामा पुरुषहरूको नाममा जग्गाजमिनको स्वामित्व ग्रहण गर्ने प्रचलन रहेको देखिन्छ ।

## ५.९ थारु समुदायको भुमिमा स्वामित्वको अवस्था

अध्ययन क्षेत्रका थारु समुदायका नाममा कायम भएको भुमिमा स्वामित्वको अवस्थाका बारेमा बुझ्नका लागि तपाई र तपाईका परिवारका नाममा जग्गाजमिन छ छैन, छ भने कति छ भन्ने प्रश्नमा उत्तरदाताहरूवाट प्राप्त बिवरणलाई निम्न रुपमा तालिकागत रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१४ : थारु समुदायको भुमिमा स्वामित्वको अवस्था**

| | | |
|---|---|---|
| १ विगाहा भन्दा बढी | ६ | १२% |
| ६ देखि १ विगाहा | ७ | १४% |
| ३ देखि ५ कठ्ठा | १६ | ३२% |
| १ देखि २ कठ्ठा | २१ | ४२% |
| जम्मा | ५० | १००% |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

माथिको तालिका नं. ५.१४ अनुसार अध्ययन क्षेत्रका थारु समुदायमा सबै भन्दा बढी १ देखि २ कठ्ठा जग्गाजमिनमा स्वामित्व कायम रहेको पाइयो जुन ४२ प्रतिशत रहेको छ । त्यस पछि ३ देखि ५ कठ्ठा जग्गाजमिनमा ३२ प्रतिशतले स्वामित्व कायम गरेको देखिन्छ । त्यस्तै ६ कठ्ठा देखि १ विगाहा जग्गाजमिनमा स्वामित्व कायम गर्नेको संख्या १४ प्रतिशत रहेको

छ र १ बिगाहा भन्दा बढी जग्गाजमिनमा १२ प्रतिशतले स्वामित्व ग्रहण गरेको देखिन्छ । यस तथ्याङ्कका अनुसार अध्ययन क्षेत्रका अधिकांश थारु समुदाय घरबास तथा घडेरी प्रयोजनका लागि जग्गाजमिनमा स्वामित्व कायम गरेको देखिन्छ । हालका दिनहरूमा यस समुदायका मानिसहरूमा केही मात्रमा भएपनि आफ्नो घर घडेरी हुनुपर्छ भन्ने स्थायित्वको भावनाको बिकास भएको पाइयो ।

## ५.१० थारु समुदायको जग्गा प्राप्तिको स्रोत

अध्ययन क्षेत्रका थारु समुदायका नाममा कायम भएको जग्गाजमिनको स्रोतका सम्बन्धमा तपाईको जग्गाजमिन प्राप्तिको स्रोत के हो भनि गरिएको प्रश्नमा प्राप्त भएको बिबरणलाई तालिकागत रुपमा निम्न बमोजिम उल्लेख गरिएको छ ।

**तालिका ५.१५ : थारु समुदायको जग्गा प्राप्तिको स्रोत**

| | | |
|---|---|---|
| सरकारवाट प्राप्त | ६ | १२% |
| कृषि | ८ | १६% |
| रोजगारी | ११ | २२% |
| व्यापार | ११ | २२% |
| पैतृक | १४ | २८% |
| जम्मा | ५० | १००% |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

माथिको तालिका नं. ५.१५ अनुसार अध्ययन क्षेत्रका थारु समुदायले सबै भन्दा बढी पैतृक सम्पत्तिका रुपमा जग्गाजमिनमा स्वामित्व ग्रहण गरेको देखिन्छ जुन २८ प्रतिशत रहेको छ । त्यस्तै रुपमा रोजगारी मार्फत आय आर्जन गरी २२ प्रतिशतले तथा व्यापार व्यवसायमा बाट २२ प्रतिशतले र कृषि मार्फत १६ प्रतिशतले जग्गाजमिनमा हक कायम गरेको देखिन्छ । त्यस्तै रुपमा यस समुदायका मानिसहरूको स्थायित्वका लागि राज्य स्तरवाट १२ प्रतिशत लाई जग्गाजमिन उपलब्ध गराएको देखिन्छ । यसबाट के भन्न सकिन्छ भने हालका दिनमा यस समुदायका मानिसहरू कृषि रोजगारी व्यापार व्यवसाय आदीमा संलग्न भै आय आर्जन गर्ने र स्थायित्वका लागि प्रयत्नशिल भएको देखिन्छ भने आदीबासी तथा पिछाडिएको जातिको उत्थान तथा स्थायित्वका लागि केहिमात्रामा भए पनि राज्य समेत लागि परेको छ भन्ने कुरा उल्लेखित तथ्याङ्कबाट देखिन्छ ।

## ५.११ थारु समुदायको जग्गा प्राप्तिको प्रयोजन

अध्ययन क्षेत्रका थारु समुदायका मानिसहरूलाई तपाईको स्वामित्वमा रहेको जग्गाजमिन के प्रयोजनका लागि हो भन्ने सम्बन्धमा गरिएको प्रश्नमा प्राप्त तथ्याङ्कलाई तालिकागत रुपमा निम्नअनुसार प्रस्तुत गरिएको छ।

**तालिका ५.१६ : थारु समुदायको जग्गा प्राप्तिको प्रयोजन**

| | | |
|---|---|---|
| घरबास | २६ | ५२% |
| खेतिपाती | १९ | ३८% |
| व्यापारव्यवसाय | ५ | १०% |
| जम्मा | ५० | १००% |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

माथिको तालिका नं. ५.१६ अनुसार अध्ययन क्षेत्रका ५२ प्रतिशत उत्तरदाताले घरबास प्रयोजनका लागि घर जग्गामा स्वामित्व कायम गरेको देखिन्छ भने खेतिपाति, कृषि कार्य प्रयोजनका लागि ३८ प्रतिशतले जग्गाजमिनमा स्वामित्व कायम गरेको देखिन्छ। त्यस्तै १० प्रतिशतले व्यापार ब्यावसाय गर्ने प्रयोजनका लागि आफ्नै स्वामित्वको जग्गाजमिन प्रयोग गर्दै आएको देखिन्छ। यस तथ्याङ्क अनुसार यस समुदायका अधिकांश मानिसहरू घरबास प्रयोजनका लागि जग्गाजमिनमा हक कायम गरेका छन। हालका दिनमा यस समुदायका मानिसहरू आफ्नै नाममा जग्गाजमिन लिने व्यापारव्यवसाय गर्ने, खेतिपाति गर्ने जस्ता कार्यहरू गरिरहेका छन। उल्लेखित क्रियाकलापहरूको विश्लेषण गर्दा थारु समुदायका मानिसहरू स्थायित्वको भावनाले प्रेरित भएको कुरा माथिल्लो तथ्याङ्कले दर्शाउदछ।

## ५.१२ थारु समुदायको ऋणको अवस्था

थारुजातिको भूमिमा पहुँच सम्बन्धि समाजशास्त्रिय अध्ययनको क्रममा अध्ययन क्षेत्रका थारुजातिको ऋणको अवस्थाका बारेमा समेत जानकारी लिने प्रयास गरिएको छ। जसलाई तालिकागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ।

**तालिका ५.१७ : थारु समुदायको ऋणको अवस्था**

| | | |
|---|---|---|
| घरजग्गा खरिद | ७ | १४% |
| ब्यापार व्यवसाय | ९ | १८% |
| घर खर्च | १० | २०% |
| ऋण छैन | २४ | ४८% |
| जम्मा | ५० | १००% |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

माथिको तालिका नं. ५.१७ अनुसार अध्ययन क्षेत्रका ४८ प्रतिशत उत्तरदाताहरूवाट ऋण लिएको छैन भन्ने जवाफ प्राप्त भयो भने घर खर्च प्रयोजनका लागि २० प्रतिशत, व्यापारव्यवसाय गर्नका लागि १८ प्रतिशतले ऋण लिएको देखियो । त्यस्तै गरी घर जग्गा खरिदका लागि १४ प्रतिशत उत्तरदाताले ऋण लिएको देखिन्छ । माथिको तथ्याङ्कलाई बिश्लेषण गर्दा हालका दिनहरूमा यस समुदायका मानिसहरू ऋण लिएर भए पनि आफ्नो जिवनस्तर उकास्नका लागि परेका छन । आफ्नो स्थायित्वका लागि व्यापारव्यवसाय गर्ने, घर जग्गा खरिद गर्ने जस्ता कार्यहरूमा अग्रसर भएका छन ।

## ५.१३ थारु समुदायको जग्गाजमिनमा पहुँच बृद्धिका लागि राज्यको प्रयास

राज्यस्तरवाट थारु समुदायको जग्गाजमिनमा पहुँच बृद्धिका लागि भए गरेका प्रयासका सम्बन्धमा तपाईहरूको जग्गाजमिनमा पहुँचका बृद्धिका लागि सरकारी स्तरबाट केही पहल भएको छ कि छैन भएको छ भने के कस्ता कार्यहरू भएका छन भनि गरिएको प्रश्नमा प्राप्त जानकारीलाई तालिकागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका ५.१८ : थारु समुदायको जग्गाजमिनमा पहुँच बृद्धिका लागि राज्यको प्रयास**

| | | |
|---|---|---|
| घरजग्गा खरिदका लागि सहुलियत प्रदान | ५ | १०% |
| जग्गा उपलब्ध | ६ | १२% |
| कर छुट | ११ | २२% |
| थाहा भएन | २८ | ५६% |
| जम्मा | ५० | १००% |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

माथिको तालिका ५.१८ अनुसार अध्ययन क्षेत्रका धेरैजसो अर्थात ५६ प्रतिशत उत्तरदाताहरूवाट जग्गाजमिनमा पहुँच बृद्धिका लागि भएको प्रयास बारे आफुहरूलाई थाहा नभएको जवाफ दिएका छन भने २२ प्रतिशतले घर जग्गा खरिदमा कर छुट पाएको भनि उत्तर दिएका छन । त्यस्तै १२ प्रतिशतले जग्गा प्राप्त गरेको र १० प्रतिशतले घरजग्गा खरिदका लागि सहुलियत प्राप्त गरेको भनि उत्तर दिएका छन । माथिको तथ्याङ्कलाई बिश्लेषण गर्दा केही मात्रामा भएपनि राज्यस्तरवाट अध्ययन क्षेत्रका थारु समुदायको जग्गाजमिनमा पहुँच बृद्धिका लागि जग्गा खरिदमा कर छुट, जग्गा बितरण, घरजग्गा खरिदका लागि सहुलियत प्रदान जस्ता कार्यहरू भए गरेको देखिए पनि धेरैजसो थारु समुदाय यस प्रकारको सुबिधा तथा प्रयासहरू बारे अनबिज्ञ रहेको देखिन्छ ।

## ५.१४ थारु समुदायको भुमि स्वामित्वमा कमि हुनुको कारण

थारु समुदायको भुमि स्वामित्वमा कमि हुनुको कारणका सम्बन्धमा उत्तरदाताहरूलाई तपाईहरूको नाममा जग्गाजमिन नहुनु अथवा भए पनि अन्य जातजातिको तुलनामा कमिहुनको कारण के हो भनि गरिएको प्रश्नमा उत्तरदाताहरूवाट प्राप्त जवाफलाई तालिकागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका ५.१९: थारु समुदायको भुमि स्वामित्वमा कमि हुनुको कारण**

| | | |
|---|---|---|
| बिषेश प्राथमिकताको अभाव | ९ | १८% |
| कमाइ घर खर्चका लागि ठिक्क हुने | १० | २०% |
| चेतनाको अभाव | १४ | २८% |
| पुर्खाहरूले भुमि सम्बन्धि बनाएको धारणा | १७ | ३४% |
| जम्मा | ५० | १००% |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

माथिको तालिका नं. ५.१९ अनुसार सबै भन्दा धेरै ३४ प्रतिशत उत्तरदाताहरूले पुर्खाहरूले भुमि सम्बन्धि बनाएको धारणाले गर्दा भुमि स्वामित्वमा कमि भएको भनि उत्तर दिएका छन भने १४ प्रतिशतले जनचेतनाको अभाव, १० प्रतिशतले कमाई घर खर्चका लागि ठिक्क हुने तथा ९ प्रतिशतले बिषेश प्राथमिकताको अभावका कारणले थारु समुदायका मानिसहरूको भु-स्वामित्वमा कमि भएको भनि उत्तर दिएका छन । यस बाट के भन्न सकिन्छ भने यस समुदायको आर्थिक अवस्था, चेतनाको अभाब र बिषेश प्राथमिकताको अभाब आदी कारण

केही मात्रमा भएपनि यस जातिको भुमि स्वामित्वमा कमि भएको देखिएता पनि मुख्य रुपमा यस जातिका पुर्खाहरूको प्राचिन धारणा घर जग्गा भयो भने बसाईसराई गरी अन्यत्र जान सकिदैन, सधै एकै ठाँउमा बसिरहनु पर्छ हाम्रो जात भनेको अरुकोमा कमाई गरी खाने जाति हो भन्ने प्राचिन धारणाको प्रभावले गर्दा हालका दिनहरू सम्ममा पनि जग्गाजमिनको स्वामित्वमा कमि भएको देखिन्छ ।

### ५.१५ थारु समुदायमा जग्गा प्राप्तिको भावना विकास हुनुको कारण

थारुजातिको भूमिमा स्वामित्व सम्बन्धि समाजशास्त्रिय अध्ययनको क्रममा अध्ययन क्षेत्रका थारुजातिमा जग्गाजमिनमा हक कायमको भावना कसरी बिकशित भयो भन्ने बारेमा समेत जानकारी लिने प्रयास गरिएको छ । जसलाई तालिकागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका ५.२० : थारु समुदायमा जग्गा प्राप्तिको भावनाको विकास हुनुको कारण**

| | | |
|---|---|---|
| अन्य समुदायको जीवनस्तर | ८ | १६% |
| स्थायित्वको भावना | १५ | ३०% |
| चेतनामा सुधार | २७ | ५४% |
| जम्मा | ५० | १००% |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

माथिको तालिका नं. ५.२० अनुसार सबै भन्दा धेरै ५४ प्रतिशत उत्तरदाताहरूले चेतनामा सुधारका कारण जग्गाजमिनमा हक कायमको भावनाको विकाश भएको बताएका छन भने ३० प्रतिशतले स्थायित्वको भावनाका कारण र १६ प्रतिशतले अन्य समुदायको जीवनस्तरका कारण जग्गाजमिनमा हक कायमको भावनाको विकाश भएको उत्तर दिएका छन । हालका दिनहरूमा यस समुदायका मानिसहरूको चेतनाको स्तरमा सुधार भै अन्य जातजाति जस्तै रहनसहन, व्यवहार तथा जीवनशैली अपनाउदै आफ्नो जीवनस्तर उकास्नमा अग्रसर रहेको देखिन्छ ।

### ५.१६ थारु समुदायको स्थायित्वका लागि राज्यको प्रयास

राज्यस्तरवाट थारु समुदायको स्थायित्वका लागि केही पहल भएको छ कि छैन भएको छ भने के कस्ता कार्यहरू भएका छन भनि गरिएको प्रश्नमा प्राप्त जानकारीलाई तालिकागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका ५.२१ : थारु समुदायको स्थायित्वका लागि राज्यको प्रयास**

| | | |
|---|---|---|
| घर जग्गा पुरै बिक्री गर्न नदिने | ८ | १६% |
| जग्गाजमिन प्रदान | ६ | १२% |
| जनचेतना अभिबृद्धि | १० | २०% |
| प्रयास भएको छैन । थाहा छैन | २६ | ५२% |
| जम्मा | ५० | १००% |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

माथिको तालिका ५.२१ मा अध्ययन क्षेत्रका थारु समुदायको स्थायित्वका लागि राज्यस्तरवाट भए गरेको प्रयासको अवस्थालाई देखाइएको छ । जस अनुसार १६ प्रतिशतले एक पटक यस समदायका ब्यक्तिका नाममा भु-स्वामित्व कायम भईसकेपछि पुनः सुकुम्बासी हुने किसिमले जग्गाजमिन बिक्री बितरण गर्न नपाइने नीतिका कारण यस समुदायको स्थायित्वमा बृद्धि हुदै गएको बताएका छन । त्यस्तै १२ प्रतिशतले राज्यस्तरवाट निःशुल्क रुपमाजग्गाजमिन प्राप्त गरेका छन भने २० प्रतिशतले स्थायित्वका सम्बन्धमा भएका जनचेतना अभिबृद्धि कार्यक्रमहरूका कारण भुमिमा स्वामित्व कायम भएको बताएका छन भने अधिकांश उत्तरदाताहरू अर्थात ५२ प्रतिशतले राज्यस्तरको प्रयासका सम्बन्धमा थाहा नभएको, प्रयास भएको छैन भन्ने उत्तर दिएका छन । यस बाट के बुझिन्छ भने यस समुदायका केही मानिसहरूले राज्यस्तरको प्रयासवाट भुमिमा स्वामित्व कायम गरेका छन भने धेरेजसो मानिसहरू भुमिमा स्वामित्व बृद्धिका लागि राज्यस्तरको प्रयासका सम्बन्धमा अनबिज्ञ रहेको अवस्था देखिन्छ ।

### ५.१७ थारु समुदायको हकहितका लागि कार्य गर्ने संस्था

अध्ययन क्षेत्रका थारु समुदायको हकहितका लागि कार्य गर्ने तथा स्थायित्वका लागि प्रेरित गर्ने कुनै संघ संस्थाहरू भए नभएको बारेमा जानकारी लिने उद्देश्यले थारु समुदायको स्थायित्वका लागि काम गर्ने कुनै संघ संस्था छन कि छैनन यदि छन् भने कस्तो प्रकारको सहयोग गरेका छन् भनि गरिएको प्रश्नमा प्राप्त जानकारीलाई तालिकागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका ५.२२ : थारु समुदायको हकहितका लागि कार्य गर्ने संस्था**

| | | |
|---|---|---|
| थारु युवा क्लब | ८ | १६% |
| भूमि अधिकार मन्च | ११ | २२% |
| असल छिमेक नेपाल | १६ | ३२% |
| थाहा भएन | १५ | २८% |
| जम्मा | ५० | १००% |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

माथिको तालिका नं. ५.२२ मा अध्ययन क्षेत्रका उत्तरदाताहरूबाट प्राप्त थारु समुदायको हकहित तथा स्थायित्वका लागि प्रेरित गर्ने समुह तथा संस्थाहरूको  बिबरण प्रस्तुत गरिएको छ । जस अनुसार १६ प्रतिशतले आफ्नो क्षेत्रमा थारु युवा क्लब रहेको र त्यसले जनचेतना अभिबृद्धि गर्ने कार्य गरिरहेको बताए भने २२ प्रतिशतले भूमि अधिकार मन्च संस्था रहेको उक्त संस्थाले थारु समुदायको स्थायित्वका लागि राज्यस्तरमा पहल गर्ने, स्थानिय बिपन्न बर्गको जिविकोपार्जनका लागि आय स्रोतहरूको पहिचान गर्ने जस्ता कार्यहरू गरिरहेको बताए । त्यस्तै ३२ प्रतिशतले असल छिमेक नेपाल संस्था रहेको र उक्त संस्थाले आफ्नो समुदायका बालबालिकाहरूको शिक्षा, जनचेतना प्रदान गर्ने तथा प्राकृतिक बिपदका बेलामा सहयोग गर्ने गरेको बताए भने २८ प्रतिशतले यस सम्बन्धमा केही थाहा नभएको उत्तर दिएका छन । उल्लेखित तथ्याङ्क अनुसार थारु समुदायको हकहित तथा स्थायित्वका लागि केही मात्रामा भएपनि संस्थाहरू लागिपरेको देखिन्छ भने अध्ययन क्षेत्रका थारुजातिहरू समुहहरू निर्माण गर्ने आफ्ना साझा समस्याहरूका सम्बन्धमा सामुहिक छलफल गर्ने तथा संघ संस्थाको सहयोग लिने गरेको देखिन्छ ।

# अध्याय छ

# साराशं तथा निष्कर्ष

## ६.१ अध्ययनको साराशं

कैलाली जिल्लाको टीकापुर नगरपालिका क्षेत्रभित्रका थारु समुदायको भूमि स्वामित्वमा पहुँचको अवस्था सम्बन्धमा अध्ययन गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो । वर्णात्मक र अन्वेषणात्मक ढाँचामा गरिएको यस अनुसन्धानको क्षेत्र टीकापुर नगरपालिका क्षेत्रका थारु समुदायको नाममा बार्षिक रुपमाभूस्वामित्व कायम हुने ५०० जना मध्ये ५० जना व्यक्तिको अन्तरवार्ता लिई तथा मालपोत कार्यालय टीकापुर, टीकापुर नगरपालिका, जिल्ला समन्वय समिति,भुमिसुधार कार्यालय, केन्द्रिय तथ्याङ्क विभाग लगायतका निकायहरूबाट प्रकाशित प्रतिवेदनहरूबाट तथ्याङ्क लिई थारुजातिको भुमिमा स्वामित्व, प्राप्तिको स्रोत, पारिवारिक अवस्था, राज्यको योगदान आदिका विषयमा अध्ययन गरिएको छ । यसअध्ययनमा प्राथमिक स्रोत र द्धितीय स्रोत दुवैबाट प्राप्त तथ्याङ्कलाई समावेश गरिएको छ । यस अनुसन्धानबाट प्राप्त हुन आएका तथ्यहरूको सारांश निम्नानुसार प्रस्तुत गरिएको छ ।

कैलाली जिल्लाको जनसंख्या ७,७५,७०९ रहेको छ । जसमा पुरुषहरूको जनसंख्या ३,७८,४१७ र महिलाहरूको जनसंख्या ३,९७,२९२ रहेको छ र यस जिल्लामा थारुहरूको जनसंख्या ३,२२,१२० रहेको छ, जुन जिल्लाको कुल जनसंख्याको ४१.५३ प्रतिशत हो। नेपालमा बोलिने जम्मा जम्मी १२३ वटा भाषा सुचिकृत भएकोमा कैलाली जिल्लामा जम्मा ४२ प्रकारका भाषा बोलिने गरेको छ । यस जिल्लाको प्रमुख भाषाको रुपमा थारु भाषा रहेको छ जुन ४१.१ प्रतिशत रहेको छ ।

अध्ययन क्षेत्र रहेको कैलाली जिल्लाको टीकापुर नगरपालिकाको हालको जनसंख्या ८०६९० र जम्मा घरधुरी १८६२० रहेका छन । यस नगरपालिकामा बसोबास गर्ने जातजातिमा सबैभन्दा धेरै थारुजातिको संख्या ३३१९९ रहेको छ, जुन कुल संख्याको ४१.१४ प्रतिशत रहेको छ । यस नगरपालिकामा सबै भन्दा बढी बोलिने भाषामा नेपाली भाषा ५६.९५ प्रतिशत रहेको छ भने दोस्रोमा थारु भाषा बोल्नेको संख्या ३९.७२ रहेको छ । साथै यस नगरपालिकामा हिन्दु, बौद्ध, इस्लाम, क्रिस्चियन लगायतका धर्म मान्ने मानिसहरूको

बसोबास रहेको छ जसमा सबैभन्दा धेरै हिन्दु धर्म मान्ने मानिसहरू ९६.२५ प्रतिशत रहेका छन ।

अध्ययन क्षेत्रका ३७.४८ प्रतिशत  मानिसहरूले घरायसी प्रयोजनको लागि, २९.८९ प्रतिशतले  औषधी उपचारको लागि र २८.६४ प्रतिशतले भवन निर्माण तथा जमिन खरिद गर्नको लागि ऋण लिएका छन ।

टीकापुर नगरपालिका क्षेत्रका कुल जम्मा २६१४७ जनाका नाममा भु-स्वामित्व कायम भएको छ जसमा थारुजातिका ७१९० जग्गाधनि अर्थात २७ प्रतिशत रहेका छन भने अन्य जातिका १८९५७ अर्थात ७३ प्रतिशत रहेका छन । यस अध्ययन क्षेत्रका  ४७३५ थारु समुदाय अर्थात ६६ प्रतिशतले आफ्नै कमाई, पैतृक सम्पत्ति, आदी तवरले जग्गा प्राप्त गरेका छन भने सरकारी तवरवाट कमैया प्रयोजनका लागि १७७५ (२५%) जनाले, सुकुम्बासी समस्या समाधान आयोगवाट सुकुम्बासी प्रयोजनका लागि ४२५(६%) र टीकापुर नगरविकास समितिवाट २५५(३%) जनाले जग्गाजमिन प्राप्त गरेका छन ।

आर्थिक बर्ष २०७४।०७५ देखि २०७७।०७८ को अवधिमा औषतमा २८ प्रतिशत थारुजातिका नाममा जग्गाको स्वामित्व कायम भएको छ । यस अबधिमा थारुजातिका ३३ प्रतिशत महिला र ६७ प्रतिशत पुरुषका नाममा जग्गाजमिनमा स्वामित्व कायम भएको छ । त्यस्तै रुपले यस अबधिमा आवादी प्रयोजन अर्थात खेतिपाति गर्ने प्रयोजनका लागि ९२.१७ प्रतिशतले जग्गाजमिनमा स्वामित्व कायम गरेका छन भने ६.७३ प्रतिशतले घडेरी प्रयोजनका लागि र १.१० प्रतिशतले घरमा स्वामित्व कायम गरेका छन । यस अबधिमा ५४ प्रतिशतले राजिनामा (खरिद) मार्फत जग्गाजमिनमा स्वामित्व ग्रहण गरेका छन भने पैतृक सम्पत्ति बाँडफाँड (अंशवण्डा) वाट २४ प्रतिशतले, नामसारी गरी ७ प्रतिशतले, बकसपत्रवाट ५ प्रतिशतले र अन्य (अदालति मिलापत्र, सरकारवाट प्राप्त, मोहीवाँडफाँड आदी) वाट ११ प्रतिशतले जमिनमा स्वामित्व ग्रहण गरेका छन ।

भूमिको न्यायोचित वितरणद्वारा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासी तथा किसानहरूको भूमिमाथिको पहुँच र अधिकार सुनिश्चित गर्नु, भूउपयोग ऐनका आधारमा उपलब्ध भूमिको वैज्ञानिक प्रयोग तथा भूमिको बहुआयामिक व्यवस्थापन गर्ने प्रयोजनका लागि नेपाल सरकारबाट २०७८ भदौ २५ गते गठन आदेश जारी गरी राष्ट्रिय

भूमि आयोगको गठन भएकोछ । कृषि पेशामा संलग्न भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई स्वामित्वसहित कृषिका लागि जमिन उपलब्ध गराउने तथा भूमिमाथि पहुँच र स्वामित्व प्राप्त गरेका किसानहरूको जीवनस्तर माथि उकास्ने उद्देश्य सहित राज्य क्रियाशिल रहेको छ ।

थारुजातिका मुक्त कमैयालाई बसोबास गराउन, रोजगार दिलाउन तथा आय आर्जनसम्वन्धी कार्यको लागि सरकारले आफ्नो वा आफ्नो परिवारको नाममा घर र जग्गा नभएकोलाई “क” वर्ग सार्वजनिक वा सरकारी जग्गामा बसोबास गरेकोलाई “ख” बर्ग २ कठ्ठा सम्म जग्गा भएकालाई “ग” बर्ग र २ कठ्ठा भन्दा बढी जग्गा भएका लाई “घ” बर्गमा विभाजन गरी “क” र “ख” बर्गमा परेका कैलाली जिल्लाका ८६९० थारु समुदायका मुक्त कमैया परिवारलाई जग्गा बितरण गरेको छ । ४४३ घरपरिवारले सट्टाभर्ना वापत जग्गा प्राप्त गरेका छन भने ५५६९ परिवारले घर निर्माण खर्च वापत रकम प्राप्त गरेका र १३३८ परिवारले घर निर्माणका लागि काठ प्राप्त गरेका छन ।

अध्ययन क्षेत्रका ५८ प्रतिशत थारुजातिका मानिसहरू परापुर्व कालदेखि नै यसै ठाँउमा बसोबास गर्दै आइरहका छन भने ४२ प्रतिशत अन्य क्षेत्रवाट बसाईसरी आएका छन । यस क्षेत्रका ५६ प्रतिशत मानिसहरू काठको घरमा बसोबास गर्दछन । यस समुदायको शिक्षाको स्तर न्यून रहेको छ यहाँका ५६ प्रतिशत मानिहरू साधारण लेखपढ गर्न जान्ने मात्र रहेका छन भने १४ प्रतिशतले उच्च शिक्षा हासिल गरेका छन । यस क्षेत्रका मनिसहरू रोजगारी, व्यापारव्यवसाय, ज्यालामजदुरी कृषिकार्य जस्ता कार्यहरूमा संलग्न छन । जस अर्न्तगत सबैभन्दा धेरै ४८ प्रतिशत मानिसहरू कृषि कार्यमा संलग्न रहेका छन सबै भन्दा कम ६ प्रतिशत रोजगारमा संलग्न छन ।

अध्ययन क्षेत्रका धेरैजसो थारु समुदायका पुरुष जातिका नाममा जग्गाजमिनमा हक कायम हुने गरेको छ जुन ७८ प्रतिशत रहेको छ । यस क्षेत्रका प्रायजसो थारु समुदायले घरबास तथा घडेरी प्रयोजनका लागि १ देखि २ कठ्ठा सम्म जग्गाजमिनमा स्वामित्व कायम गरेका छन जुन ४२ प्रतिशत रहेको छन भने १ विगाहा भन्दा बढी जग्गा भएकाको संख्या १२ प्रतिशत मात्र रहेको छ ।

थारु समुदायका मानिसहरू कृषि, रोजगारी, व्यापार ब्यवसाय आदीमा संलग्न भै आय आर्जन गर्ने र स्थायित्वका लागि प्रयत्नशिल भएका छन । पैतृक तवरवाट २८ प्रतिशतले, रोजगारी तथा व्यापारबाट भएको आयवाट २२ प्रतिशतले भूमिमा हक कायम गरेका छन भने कृषिबाट १२ प्रतिशतले तथा सरकारी स्रोतवाट समेत केहीले भुमिमा स्वामित्व कायम गरेको अवस्था छ । हालका दिनमा यस समुदायका मानिसहरूले घरबास, खेतिपाती, व्यापारब्याबसाय गर्ने प्रयोजनका लागि भूमिमा हक कायम गरिरहेका छन । ऋण लिएर भए पनि आफ्नो जीवनस्तर उकास्न यस समुदायका मानिसहरू लागि परेका छन । १४ प्रतिशतले घरजग्गा खरिद गर्न, १८ प्रतिशतले व्यापारव्यवसाय गर्न तथा २० प्रतिशतले घर खर्च चलाउने प्रयोजनका लागि ऋण लिएका छन ।

राज्यस्तरवाट अध्ययन क्षेत्रका थारु समुदायको जग्गाजमिनमा पहुँच बृद्धिका लागि जग्गा खरिदमा कर छुट, जग्गा बितरण, घरजग्गा खरिदका लागि सहुलियत प्रदान जस्ता कार्यहरू भए गरेको देखिएका छन । जसमा १२ प्रतिशत मानिसहरूले राज्यस्तरबाट निःशुल्क रुपमा जग्गा प्राप्त गरेका छन । भने १० प्रतिशतले  घरजग्गा खरिदमा सहुलियत प्राप्त गरेका छन । त्यस्तै रुपले राज्यको नीतिका कारण थारु समुदायको भूमिमा स्वामित्व बृद्धि हुदै गएको देखिए पनि धरैजसो थारु समुदाय राज्यस्तरको सहयोग तथा प्रयास बारे अनबिज्ञ रहेको देखिन्छ । थारु समुदायको भुमिस्वामित्वमा कमि हुनुको प्रमुख कारण यस जातिका पुर्खाहरूको प्राचिन धारणा रहेको पाइयो । अध्ययन क्षेत्रका ३४ प्रतिशतले पुर्खाहरूको प्राचिन धारणाका कारण भूस्वामित्वमा कमि भएको बताएका छन । यस समुदायका मानिसहरूको आर्थिक अवस्था, चेतनाकोस्तर र बिषेश प्राथमिकताको अभाब आदी कारणले गर्दा भूमिस्वामित्वमा कमी भएको देखिएता पनि हालका दिनहरूमा यस समुदायका मानिसहरूमा चेतनाकोस्तर सुधारउन्मुख रहेको र अन्य जातजाति जस्तै रहनसहन, व्यवहार तथा जीवनशैली अपनाउदै गएका कारण स्थायित्वमा बृद्धि हुदै गएको अवस्था छ ।

यस समुदायका मानिसहरूको हकहितका लागि स्थानिय स्तरमा थारु युवा क्लब, भूमि अधिकार मञ्च, असल छिमेक नेपाल जस्ता संघसंस्थाहरू कार्यरत रहेको देखिन्छ । भूमि अधिकार मञ्च, असल छिमेक नेपाल जस्ता संस्थाले थारु समुदायको स्थायित्वका लागि पहल गर्ने, स्थानिय बिपन्न बर्गको जिविकोपार्जनका लागि आय स्रोतहरूको पहिचान गर्ने जस्ता कार्यहरू गरिरहेका छन । साथै यस समुदायका मानिसहरू आफ्नो हकहितका लागि समुहरू निर्माण गर्ने आफ्ना साझा समस्याहरूका सम्बन्धमा सामुहिक छलफल गर्ने तथा समस्या समाधान गर्ने कार्य गरिरहेका छन ।

## ६.२ निष्कर्ष

अध्ययन क्षेत्रको रुपमा रहेको कैलाली जिल्लाको टीकापुर नगरपालिका थारु जातजातिको बाहुल्यता भएको क्षेत्र हो । यो जाति नेपालका आदिवासी जनजातिमध्ये बढी जनसंख्या भएको मध्येको एक हो । आफ्नै जग्गाजमिन भयो भने बसाईसराई गर्न पाइदैन सधै एकै ठाउँमा बसी राख्नुपर्छ भन्ने सोचले जग्गाजमिनमा स्वामित्व कायम गर्न नचाहने ईतिहाश भएको यो जातिमा हालका दिनहरूमा भने उल्लेख्य सुधार भएता पनि अन्य जातिको तुलनामा भने न्यून मात्रामा जग्गाजमिनमा स्वामित्व कायम रहेको अवस्था छ । यस जातिका महिलामा भन्दा पुरुषहरूका नाममा जग्गाजमिनमा स्वामित्व कायम हुने प्रचलन रहेको छ ।

थारुजातिका पुर्खाहरूको जग्गाजमिन सम्वन्धी प्राचिन धारणामा परिर्वतन, चेतनाको स्तरमा सुधार, शिक्षाको स्तरमा सुधार आदी कारणबाट यस समुदायका मानिसहरूमा स्थायित्वको भावना जागृत भएको छ । रोजगार, व्यापारव्यवसाय, व्यावसायिक खेतिपाति जस्ता कार्यहरूमा संलग्न भई आय आर्जन गर्ने र यसरी भएको आयबाट जग्गाजमिन खरिद गर्ने, घर बनाउने, स्थायी रुपले स्थापित हुने प्रवृतिको विकास यस जातिमा हुदै गईरहेको छ । पैतृक सम्पत्तीको बाँडफाँड, रोजगारी व्यापार व्यवसायबाट भएको अम्दानी, बैक ऋण आदी स्रोतहरूवाट समेत यस समुदायका मानिसहरू जग्गाजमिनमा स्वामित्व ग्रहण गरिरेहका छन ।

थारु समुदायको जग्गाजमिनमा पहुँच बृद्धिका लागि भूमिसुधार कार्यालय, सुकुम्बासी आयोग, नगरपालिकास्तरमा गठन भएको नगरविकास समिति जस्ता संस्थाहरूवाट सहुलियत दर तथा निःशुल्क रुपमा समेत जग्गाजमिन बितरण भएको छ । साथै हालका दिनमा भूमिको न्यायोचित वितरणद्वारा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई स्वामित्वसहित कृषिका लागि जमिन उपलब्ध गराउने तथा भूमिमाथि पहुँच र स्वामित्व प्रदान गरी जीवनस्तर माथि उकास्ने उद्देश्य सहित भूमि आयोगको गठन भई देशभरिका भूमिहिन तथा पिछडा बर्गहरूको पहिचान गर्ने कार्यको प्रारम्भ भएको छ ।

यसप्रकार हालका दिनहरूमा थारु समुदायका मानिसहरूले आफ्नो स्थायित्वका लागि देखाएको सक्रियता तथा राज्यसरकारको प्रयासहरूका कारण यस समुदायका मानिसहरूको भूमिस्वामित्वमा बृद्धि हुदै गईरहेको देखिएता पनि अन्य जातजातिको तुलनामा न्यून मात्रामा रहेको छ । आदीवासी, पिछडा बर्गका रुपमा रहेको थारुजातिका मानिसहरूको जीवनस्तर सुधार तथा स्थायित्वका लागि विशेष प्राथमिकताको आवश्यकता रहेको छ ।

# सन्दर्भ सामाग्री


गौतम, टेकनाथ (२०४४), *थारुजातिको इतिहास तथा संस्कृतिया* (थारु पुराण): दाङ, प्रकाश प्रिन्टिङ्ग प्रेस, वाराणसी ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, (२०६२), *आदिवासी जनजातिहरू,* नेपाल : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

विष्ट, डोरबहादुर (२०५५), *सबै जातको फूलबारी,* काठमाडौं : साझाप्रकाशन ।

महेश, चन्द्र रेग्मी (१९९९, *ल्याण्ड ओनरसिप ईन नेपाल,* दिल्ली प्रकाशन, पृ.१९ ।

रजौरे, द्रोणप्रसाद (१९८१), *थारूजअफ दाङ द पिपुल एण्ड सोसियल कन्टेक्स्ट* (अंग्रेजी रुपान्तरण) कैलाश, भोल्युम नं. ३-४ ।

रजौरे, द्रोणप्रसाद (१९९७), *एनएन्थ्रोपोलोजिकल स्टडी अफथारूजअफ दाङ, देउखुरी* : अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, काठमाडौं ।

शर्मा, मेदिनी प्रसाद (२०६४), *थारुजाति एक अध्ययन,* नेपाल : साझा प्रकाशन ।

प्रसाद, मोहनलाल (२०३४), *थारुजाति र शिक्षा,* नेपाल : थारु संस्कृति ।

पाण्डे, मधुसुदन (२०६१), नेपालका जनजातिहरू, काठमाडौँ : पैरवी प्रकाशन, नेपाल ।

विष्ट, डोरबहादुर (१९६७), *पिपुल्स अफ नेपाल,* काठमाडौँ : रत्नपुस्तक भण्डार ।

विलियमकुक्स (१८७०) *द टेरिबल्स एण्ड कास्ट अफ द नर्थ वेर्ष्टन इण्डिया,* भोल्युम ४ ।

मिरा राजभण्डारी अमात्य, आदिबासी जनजातिका अधिकार, किर्तिपुर सन्देश साप्ताहिक, भाद्र १, २०७३ ।

अधिकारी, रेशराज (२०५६), *नेपाली समाज संस्कृति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

दहित, गोपाल (२०६२), *थारु संस्कृतिको संक्षिप्त परिचय,* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, सानेपा, काठमाडौँ ।

आचार्य, डा. बाबुराम (२०१०), *थारुजातिको मूल घर कहाँ हो ?* नेपाल सांस्कृतिक परिषद् पत्रिका, अंक २, वर्ष ४, पृ. ५, ६ ।

सर्वहारी, कृष्णाराज, (२०६९), *थारु गुन्वा र मन्त्र ज्ञान,* काठमाडौँ, नेपाल : थारु पत्रकार संघ ।

पाण्डेय, मधुसुदन, (२०६१) *नेपालका जनजातिहरू,* नेपाल : पैरवी प्रकाशन ।

गौतम, राजेश र अशोक कुमार थापा मगर, (१९९४), *ट्राइबल एण्ड इथ्नोग्राफी अफ नेपाल,* न्यू दिल्ली, भारत : वुक फेथ इन्डिया ।

केन्द्रिय तथ्याङ्क विभाग (२०६८), रामशाह पथ, काठमाडौं, नेपाल ।

राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८ नेपाल राजपत्र खण्ड ७१० भदौ २५ गते, २०७८

भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तर्गतका निकायहरूको संक्षिप्त परिचय एवं वार्षिक प्रगति प्रतिवेदन, २०७३ ।

जिल्ला वस्तुगत विवरण (District Profile) कैलाली, (२०७२) राष्ट्रिय योजना आयोगको सचिवालय केन्द्रीय तथ्याङ्क विभाग ।

जिल्ला भु-सुचना प्रणाली मालपोत कार्यालय टीकापुर ।

नगर प्रोफाइल (२०७५), टीकापुर नगरपालिका कार्यालय टीकापुर, कैलाली ।

POPULATION MONOGRAPH OF NEPAL VOLUME II (Social Demography) National Planning Commission Secretariat Central Bureau of Statistics Ramshah Path, Kathmandu, Nepal 2014.

National Population and Housing Census 2011 (Village Development Committee/Municipality) Volume 06, NPHC2011, Kailali.

## अनुसूचि १

# थारुजातिको भुमिमा स्वामित्व

(कैलाली टीकापुर नगरपालिका का थारु समुदायमा आधारित समाजशास्त्रीय अध्ययन)

## मुख्य सूचनादाताकालागि प्रश्नावली अनुसूची

श्री ........................................... ज्यू, नमस्कार ।

**कैलाली जिल्लाको टीकापुर नगरपालिकाका थारु समुदायको भुमिमा स्वामित्व : एक अध्ययन** सम्बन्धी विषयमा स्नातकोत्तर तहको शोधकार्य गर्ने क्रममा तपाईं समक्ष प्रस्तुत भएकी छु ।

तपाईंले म संग भन्नु भएका कुराहरू म अनुसन्धान कार्यका लागी मात्र प्रयोग गर्नेछु । तपाईले मलाई दिनु हुने विवरण गोप्य राख्ने प्रतिवद्धता जाहेर गर्दै सहयोगको अपेक्षा राख्दछु ।

–शोधार्थी : **सुमित्रा सुवेदी रोल नं. ४८०३५७,** पृथ्वीनारायण क्याम्पस, पोखरा

**क. सामान्य परिचय**

१. घरमुलीको नाम :
२. ठेगाना :

३. लिङ्ग :

४. उमेर :

५. पारिवारिक संरचना : (क) एकल (ख) संयुक्त (ग) अन्य पारिवारिक विवरण

| क.स. | लिङ्ग | उमेर | शिक्षा | पेशा | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

६.घरमुलीको बैबाहिकअवस्था : विवाहति ☐अविवाहित☐ लिङ्ग : पुरुष☐महिला ☐

**ख. भू स्वामित्व विवरण :**

७. कतिजमिनमा स्वामित्व ग्रहण गर्दै हुनुहुन्छ ?

क्षेत्रफल .........................

८. तपाईको यस सम्पत्ति प्राप्तिको स्रोत के हो ?

कृषि ☐ व्यापार ☐ रोजगारी ☐ पैतृक☐ बैंक ऋण☐

९. तपाई के प्रयोजनका लागि जमिनमा स्वामित्व ग्रहण गर्दै हुनुहुन्छ ?

घरबास ☐ घडेरी ☐खेतिपाति गर्न ☐ ब्यापार व्यवसाय गर्न☐अन्य ☐

९. तपाईको परिवारमा कति जना हुनुहुन्छ ?.................................................. ।

१०. परिवारका अन्य सदस्यको नाममा जग्गाजमिन छ कि छैन ? छ ☐छैन ☐

११. तपाईको नाममा अरु कुनै ठाँउमा जग्गाजमिन छ कि छैन?छ ☐ छैन ☐

१२. तपाईमा आफ्नो नाममा जग्गाजमिन हुनुपर्छ भन्ने भावनाको विकासहुनुको कारण के हो ?

स्थायित्वको भावनाको विकास ☐

अन्य समुदायको जिवनस्तर ☐

चेतनाको स्तरमा सुधार ☐

१३. तपाईकोजग्गा प्राप्तिका सम्बन्धमा कुनै प्रतिक्रिया, योजना केही छ भने बताउनुहोस?

................................................

१४. तपाईको पुर्खयौली थलो काँहा हो? त्यहाँ जग्गाजमिन थियो कि थिएन ?

........................................................................................

१५. तपाईको समुदायका मानिसको भुमिमा स्वामित्व कायमका लागि राज्य स्तरवाट केही पहल भएकोछ ?☐छैन ☐? छ भने कस्तो पहलभएको छ ?

..................................................

१६. तपाईको आवासको अवस्था कस्तो छ ?

पक्कीघर ☐ काठको घर ☐झुपडी घर☐ भाडामा ☐

१७. तपाईंको जन्म कहाँ भयो ?

यही ठाउँमा ☐ बसाइँ-सराई ☐ अन्य ...................................

१८. तपाईंहरूको पुर्खा यहाँ कति समय अगाडिदेखि बसोबास गर्दै आइरहेको मान्नुहुन्छ ?

............................................................

१९. ऋण लिनु भएको छ कि छैन ? छ ☐ छैन ☐

क) छ भने काँहावाट लिनु भएको छ ? बैक ऋण ☐ गाँउघरवाट ☐

ख) के प्रयोजनका लागि लिनु भएको हो ?

जग्गा खरिद ☐ व्यापार व्यवसाय ☐ घर खर्च ☐ अन्य ☐

२०.तपाईंका पुर्खाले लिएको ऋण छ कि छैन ? यदि छ भने के को लागि लिएका थिए ?

घर जग्गा खरिद ☐ औषधी उपचार ☐ छोराछोरीको पढाईखर्च ☐ अन्य ☐

२१. थारु समुदायको स्थायित्वका लागि काम गर्ने कुनै संघ संस्था छन् ?छन☐ छैनन ☐

क) छन भने कुन संस्था छ/छन ? ..................................................

ख) यदि छन् भने कस्तो प्रकारको सहयोग गरेको छ/छन ?..............................

२१. सरकारको तर्फवाट तपाईंहरूलाई जग्गाजमिन उपलब्ध गराईएको छ कि छैन ?

छ ☐ छैन☐

२२. तपाईको समुदायकामानिसको भुमिमा पहुँच वृद्धिका लागि राज्यका तर्फवाट केहीपहलभएको छ कि छैन ?छ ☐ छैन ☐ छ भने कस्तो पहलभएको छ ?

.........................................................................

२३. थारु समुदायको भुमि स्वामित्वमा कमीहुनुको कारण के हो ?

जनचेतनाकोकमी☐ विशेषप्राथमिकताकोअभाव ☐ न्यून आयस्तर☐

अन्य समुदायको बाहुल्यता☐

२४. राज्यका तर्फवाट तपाईका समुदायका मानिसहरूको भुमिमा पहुँच वृद्धिका लागि के गरिदिए हुन्थ्यो जस्तो लाग्छ ?

.....................................................................................

२५. अहिले सम्मथारु समुदायको स्थायित्वका लागि भएका सरकारी प्रयासहरू प्रति तपाईंहरू सन्तुष्ट हुनुहुन्छ ? छु ☐ छैन ☐

क) छैन भने कस्तो प्रकारको असन्तुष्टी छ ..................................

२६. तपाईको समुदायका मानिसहरूमा भुमि स्वामित्वमा कमी हुनुको कारण के हो ?

☐चेतनाको अभाव ।

☐पुर्खाहरूले जग्गाजमिनका सम्बन्धमा बनाएको धारणा ।

☐कमाई घर खर्चका लागि ठीक्क हुने ।

☐अन्य .................................

२७ . कुनै कुरा भन्न मन लागेको छ कि ?

सकारात्मक सहयोगका लागि धन्यवाद